## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## केन्द्रीय कमिटीको आठौं बैठकमा
## अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रस्तुत

# राजनीतिक प्रतिवेदन

२१-२२ पुस २०८१, ललितपुर

केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्य कमरेडहरू ।

## १. पृष्ठभूमि

पार्टी केन्द्रीय कमिटीको यस आठौं बैठकका सहभागी हुन देशका विभिन्न भाग र कार्यक्षेत्रबाट आइपुग्नु भएका कमरेडहरूलाई म हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु । सामान्यतया ६ महिनाको अन्तरालमा बस्नु पर्ने केन्द्रीय कमिटीको यो बैठक आयोजनामा केही विलम्ब हुन पुगेको छ । अघिल्लो बैठक यता विकसित राजनीतिक घटनाक्रमले सिर्जना गरेको व्यस्तताका कारण नियमित बैठक प्रभावित हुन पुगेको तथ्यसँग कमरेडहरू जानकार नै हुनुहुन्छ भन्ने म ठान्दछु । पार्टीको वैधानिक व्यवस्था अनुरुप नै बैठकहरूको नियमित आयोजना गर्ने, तिनमा व्यापक र सघन छलफल सहित समुचित निष्कर्षमा पुग्ने तथा निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्दै प्राप्त अनुभवका आधारमा पार्टीलाई अझ माथि उठाउँदै जाने हाम्रो उन्नत परम्परा रहँदै आएको छ । यसलाई आगामी दिनमा थप प्रभावकारी बनाइने विश्वास कमरेडहरूलाई दिलाउन चाहन्छु ।

बैठकको आरम्भमा म देश, जनता, क्रान्ति र परिवर्तनका अनेकौं आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातःस्मरणीय शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी र प्रथम कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी लगायत

कम्युनिष्ट आन्दोनलका आदरणीय अग्रजहरूप्रति उच्च आदरभावका साथ श्रद्धासुमन अर्पण गर्न चाहन्छु । कम्युनिष्ट आन्दोलनको विकास र विस्तारका लागि अविस्मरणीय योगदान गर्नु हुने सबै जनसमुदायप्रति आभार सहित अभिनन्दन व्यक्त गर्दछु । सिङ्गो केन्द्रीय कमिटीको तर्फबाट आन्दोलनका अग्रजहरू, शहीदहरू तथा आम जनताको भावनालाई सधै शिरमा राखेर अगाडि बढ्ने सङ्कल्प गर्न चाहन्छु ।

केन्द्रीय कमिटीको सातौं बैठक २०८० फागुनमा काठमाडौंमा आयोजना गरिएको थियो । भर्खरै नेकपा (एमाले)– माओवादी केन्द्र बिच पुनः सुरु गरिएको सहकार्यको प्रस्थानबिन्दुको बेला थियो त्यो । त्यस सहकार्यलाई प्रभावकारी, परिणाममुखी र सफल बनाउँदै मुलुकलाई नयाँ निकास दिने हाम्रो इमान्दार प्रयत्न थियो । सातौं बैठकका निर्णयहरूमा हाम्रा तिनै भावनाहरू प्रतिबिम्बित भएका छन् । तर माओवादी केन्द्रका अध्यक्ष 'प्रचण्ड' मा हावी अवसरवाद, अस्थिर सोच, आडम्बर र दाउपेचका कारण राजनीतिक स्थायित्व, सुशासन र विकास तथा जनतामा आशा भरोसा जगाउने हाम्रो इमान्दार प्रयाश सफल हुन पाएन । त्यसपछि गतः असारदेखि नयाँ राजनीतिक यात्रा प्रारम्भ भएको छ । यस बैठकमा हामी यस नयाँ राजनीतिक यात्राको औचित्य, आवश्यकता र यसले सिर्जना गरेका अवसरहरू, मुलुकको राजनीतिमा देखा परेका नयाँ चुनौती, बदलिँदो विश्व परिवेश र भूराजनीति तथा निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि हामीले गर्नु पर्ने कामहरूको प्राथमिकतामा केन्द्रित रहेर गंभीर छलफल गर्नेछौं ।

## २. नयाँ राजनीतिक कोर्सः आवश्यकता, औचित्य र अवसर

गतः २०७९ मङ्सिरमा सम्पन्न आम निर्वाचनले मुलुकको आवश्यकतालाई संबोधन गर्न र सही राजनीतिक निकास दिन नसकेको विश्लेषण हामीले त्यतिबेलै गरिसकेका छौं। मुलुकले दिगो राजनीतिक स्थायित्वको माग गरिरहेको तर निर्वाचनको परिणाम भने अस्थिरतालाई टेवा पुऱ्याउने खालको रह्यो। राष्ट्रिय शक्तिहरू निर्णायक अवस्थामा हुनु पर्ने समयको खाँचो रहेको तर परिणाममा भने ती शक्तिहरू सापेक्षित रुपमा कमजोर हुन पुगेको हाम्रो निष्कर्ष सही थियो। तर पनि जनताको अभिमतलाई सम्मान गर्दै उपलब्ध विकल्पमध्ये हामीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल 'प्रचण्ड' लाई प्रधानमन्त्री प्रस्तावित गरेर नयाँ समीकरण निर्माण गरेका थियौं। यद्यपि, यस अघि नै हामीले नेपाली काङ्ग्रेससँग राजनीतिक स्थायित्वका लागि दुई मुख्य दल सहकार्यका साथ अगाडि बढौँ भन्ने प्रस्ताव राखिसकेका थियौँ। त्यो प्रस्ताव कार्यान्वयन हुन नसकेपछिको वाध्यात्मक विकल्पका रुपमा यसलाई छनोट गरिएको थियो।

तर प्रधानमन्त्री भएको भोलिपल्टदेखि नै 'प्रचण्ड' बाट आफ्नो पुरानै चरित्र प्रदर्शन हुन थाल्यो। राष्ट्रपतिको निर्वाचनको बिन्दुसम्म आइपुग्दा त माओवादी केन्द्र दाउपेच, विश्वासघात र शक्ति केन्द्रहरूको दबाब सामु आत्मसमर्पणको तल्लो बिन्दुसम्म ओर्लियो। त्यस स्थितिमा हामी सरकारमा बसिरहन सक्ने अवस्था हुँदैनथ्यो। हामी सरकारबाट बाहिरियौं र प्रतिपक्षका रुपमा हामीले 'झुलाघाट–चिवाभञ्ज्याङ सङ्कल्प यात्रा' जस्ता विशाल जनपरिचालन गऱ्यौँ। साथै सुन तस्करी, ललितानिवास जस्ता ठूला भ्रष्टाचार काण्डमा

तत्कालीन सरकारको सङ्लग्नता र संरक्षणका विरुद्ध संसदभित्र र बाहिर व्यापक भण्डाफोर गर्ने काम अगाडि बढायौँ। विपक्षका विरुद्ध सुरु गरिएको मिथ्याप्रचार र घेराबन्दीको प्रतिवाद गऱ्यौं। त्यतिबेला हाम्रो समग्र ध्यान पार्टीलाई वैचारिक, सङ्गठनात्मक र जनसम्बन्धका दृष्टिले सशक्त र गतिशील बनाउँदै निर्णायक राष्ट्रिय शक्तिका रुपमा स्थापित गर्ने विषयमा केन्द्रित थियो।

तर तत्कालीन सरकारका गलत क्रियाकलापका कारण वाह्य सम्बन्धमा झनै ठूलो विचलन आउन थाल्यो। समाजमा चरम नैराश्य देखा पर्न थाल्यो। तत्कालीन प्रधानमन्त्री स्वयं सामाजिक सद्भावलाई बिथोल्न र अतिवादलाई बढावा दिन थालेका तथ्यहरू प्रकट हुन थाले। परिवर्तन विरोधी शक्तिहरू खुलेआम संविधानलाई चुनौती दिँदै लोकतान्त्रिक गणतन्त्रको विरोधमा उत्रिने र दिनै तोकेर 'राजा फर्काउने' अभिव्यक्ति दिन थाले। हामी पार्टी सङ्गठनमा केन्द्रित भइरहने तर मुलुकको परिस्थिति झनै प्रतिकूल हुँदै जान थालेपछि राष्ट्रिय राजनीतिमा नयाँ हस्तक्षेप गर्नु पर्ने र परिस्थितिलाई सापेक्ष अनुकूलतामा फर्काउनु पर्ने आवश्यकता पैदा भयो। यसै पृष्ठभूमिमा, स्वयं माओवादी नेताहरू पनि विगतको गल्ती नदोहोरिने बाचा गर्दै प्रस्तुत भएपछि, यावत् आशङ्का हुँदाहुँदै पनि, शङ्काको सुविधा दिँदै गतः २०८० फागुन २१ गते पुनः एमाले–माओवादी सहकार्य प्रारम्भ गरिएको थियो। यस विषयमा हामीले केन्द्रीय कमिटीको सातौँ बैठकमै पर्याप्त विश्लेषण गरिसकेका छौँ।

गहिरिँदो राजनीतिक, आर्थिक र सामाजिक सङ्कटलाई केन्द्रबिन्दुमा राखेर त्यसबाट मुलुकलाई सही निकास दिन हामीले हरसंभव प्रयत्न गऱ्यौँ। सरकार गठन गर्दा हामीले हदैसम्म लचकता देखायौँ, प्रधानमन्त्रीको कार्यकाल या

मन्त्रालयको बाँडफाँटमा कुनै रुचि देखाएनौँ। यस्ता विषयलाई सत्ता सहकार्यका लागि बाधक बन्न दिएनौं। कार्यसम्पादनमा प्रधानमन्त्रीलाई उदारतापूर्वक सघायौँ। सरकारको वार्षिक नीति र कार्यक्रम होस् या बजेट निर्माण, एकैचोटी सदनमा पुगेर सुन्नु पर्ने असहज परिस्थिति हुँदा पनि मुलुक थप अस्थिरताको शिकार नबनोस् भनेर चुपचाप अगाडि बढ्न दियौं।

तर तत्कालीन प्रधानमन्त्रीबाट निरन्तर दाउपेचको खेती चलिरह्यो। एकातिर नेकपा (एमाले) लाई राष्ट्रिय महत्वका विषयमा निर्णय प्रक्रियाबाट अलग्याउँदै जाने, अर्कातिर सत्ता समीकरणका लागि अन्य दलहरूसँग समानान्तर रुपमा गुप्त परामर्श गरिरहने काम भइरहे। भ्रष्टाचार विरुद्धका कार्बाहीलाई समेत आफ्नो दलगत स्वार्थका लागि दुरुपयोग गर्ने काम भई नै रहे। 'आफूसँग संसदभित्र जादुको नम्बर रहेको र त्यसलाई प्रयोग गर्दै पाँचै वर्ष सत्ता चलाइरहने' भन्दै दिइएको सार्वजनिक अभिव्यक्ति र 'कहिलेकाँही पार्टी सानो हुनु पनि फाइदको विषय हुने, त्यसैले पार्टी सानो भयो भनेर कार्यकर्ताले चिन्ता गर्न नपर्ने' भन्दै गरिएको टिप्पणी संसदीय मूल्यमान्यताको उपहास, अस्थिरताको दुराशय एवं राजनीतिक अवसरवाद र सत्तालिप्साको कुरुप तस्बिर थियो। यस्तै अभिव्यक्ति र आचरणका कारण लोकतान्त्रिक गणतन्त्रका विरुद्ध पश्चगामी शक्तिहरूले खुलेआम गतिविधि गर्ने दुस्साहस जुटाएका थिए।

यसै सिलसिलामा २०८१ असारको दोस्रो हप्तातिर 'राष्ट्रिय सहमतिको सरकार' को नयाँ आवरणमा 'प्रचण्ड' बाट नेपाली काङ्ग्रेसलाई सरकारमा सहभागी हुन प्रस्ताव गरियो। खासमा, यो 'उपयोग गर्ने र फ्याँक्ने' पुरानै प्रयोगको नयाँ स्वरुप थियो र यसले मुलुकलाई थप अप्ठ्यारोमा मात्रै पार्दथ्यो। नेपाली

काङ्ग्रेसका नेताहरूले त्यसलाई अस्वीकार गरे र 'प्रचण्ड' को मनोविज्ञान, दाउपेच र कदमका बारेमा नेकपा (एमाले) लाई जानकारी दिए। डेढ वर्षको अवधिमा दुई दुई चोटी प्रधानमन्त्री बनाउन निर्णायक भूमिका खेलेको नेकपा (एमाले) ले 'प्रचण्ड' का पछिल्ला गतिविधि र भित्री दाउपेचबारे तत्कालीन प्रतिपक्षबाट जानकारी पाउनु पर्ने अवस्था आफैमा मुलुकमा व्याप्त राजनीतिक बेथिति र विकृतिको चरम नमूना थियो। यस पृष्ठभूमिमा नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका बिचमा सघन छलफल भयो। नेकपा (एमाले) र नेपाली काङ्ग्रेस मुलुकका मुख्य प्रतिष्पर्धी शक्ति हुन् भन्ने राजनीतिक यथार्थ हो। तर हामी मुख्य प्रतिष्पर्धी मात्रै होइनौँ, मुलुकको लोकतान्त्रिक आन्दोलनका अगुवा, लोकतन्त्रका संस्थापक र मुख्य 'स्टेकहोल्डर' पनि हौं। राणाशासन अन्त्य गरेर मुलुकमा प्रजातन्त्र स्थापनाका निम्ति जन्मेका यी दुई पार्टीहरू बिच २०४६ सालको जनआन्दोलनमा होस् या २०६२/६३ को ऐतिहासिक जनक्रान्तिमा होस्, तत्कालीन विद्रोही माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने विषयमा होस् या नेपालको संविधान जारी गर्ने क्रममा होस्, सहकार्य रहँदै आएको छ र यी विषयमा दुबै पार्टीहरूले निर्णायक भूमिका खेलेका छन्। त्यसैले हामीले सहकार्य र प्रतिष्पर्धाका क्षेत्रका बारेमा गंभीर विमर्श गर्‍यौँ। ५० को दशकमा दुई पार्टी बिच अस्वस्थ प्रतिष्पर्धा बढ्दै जाँदा र एकले अर्कालाई निषेध गर्न पूर्व पञ्चहरूलाई साथ दिंदा त्यसले पश्चगामी शक्तिहरूको मनोबल उठाउँदै बहुदलीय व्यवस्थालाई कमजोर गर्न खेलेको नकारात्मक घटनाक्रमको पनि मूल्याङ्कन गर्‍यौँ र राष्ट्रिय हितको रक्षा, राजनीतिक स्थिरता, अर्थतन्त्रमा गतिशीलता, सुशासन, विकास र समृद्धिका मुख्य उद्देश्यमा राखेर नयाँ सहयात्रा अगाडि बढाउने निष्कर्षमा पुग्यौँ।

यसै पृष्ठभूमिमा २०८१ असार १७ गते दुई दल बिच ७ बुँदे सहमति निर्माण भयो। असार ३० गते नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भएर असार ३१ गतेदेखि नयाँ सरकारले मुलुकको कार्यभार सम्हालेको छ।

*दुई दलबीच भएको सात बुँदे सहमति यसै प्रतिवेदनको अनुसूची – १ मा सङ्लग्न गरिएको छ।*

नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका बिचमा निर्माण गरिएको यस सहकार्यको मुख्य उद्देश्य मुलुकमा राजनीतिक स्थायित्व सुनिश्चित गर्नु हो। राजनीतिक अस्थिरता गहिरिँदै जाँदा यसले जनतामा नैराश्य वृद्धि गर्ने र लोकतान्त्रिक गणतन्त्रका विरुद्धमा रहेका शक्तिहरूको मनोबल बढ्दै गएर लोकतन्त्र नै सङ्कट पार्ने स्थितिलाई बोध गर्दै हामी यस निष्कर्षमा आइपुगेका हौँ। अस्थिरता बढ्दै जाने र मुख्य राजनीतिक शक्तिहरू विभाजित अवस्थामा रहने स्थितिले राष्ट्रिय मनोबललाई कमजोर तुल्याउने, भूराजनीतिक प्रतिष्पर्धाको चुनौतीपूर्ण अवस्थामा राष्ट्रिय हितको रक्षा झनै कठिन हुने र नेपालको अहित चाहनेहरूलाई सजिलो हुने यथार्थलाई पनि हामीले अनुभूत गरेका छौं। अस्थिरताकै कारण मुलुकमा लगानी गर्न चाहने आन्तरिक र वाह्य लगानीकर्ताहरू हतोत्साहित हुँदै गएको अवस्थालाई पनि ध्यानमा राखेर जनतामा भविष्यप्रति भरोसा र विश्वास जगाउन हामी यस निष्कर्षमा पुगेका हौँ।

तर सत्ताबाट बाहिरिएसँगै माओवादी केन्द्र लगायत केही दलहरूले यस परिवर्तनका विरुद्ध एउटा मिथ्या सङ्कथन निर्माणको प्रयाश गरिरहेका छन्। 'आफूहरूले ठूलाठूला भ्रष्टाचारका फाइल खोल्न थालेपछि अत्तालिएका दलहरू रातारात मिल्न पुगेको', यस समीकरणले 'आफूहरूले सुरु गरेको

सुशासनको अभियानलाई उल्ट्याउन खोजेको' र नेकपा (एमाले) र नेपाली काङ्ग्रेसले संविधान संशोधनका नाममा 'सङ्घीयता, समावेशी प्रतिनिधित्व र समानुपातिक निर्वाचन प्रणाली जस्ता उपलब्धिहरू खोस्न खोजिरहेको' भ्रामक प्रचार गर्न खोजिरहेका छन् ।

निर्माण गर्न र स्थापित गर्न खोजिएका यी भाष्यहरू किन भ्रामक र मिथ्या छन् भने नेकपा (एमाले) र नेपाली काङ्ग्रेस बिच सहकार्यको यो प्रयाश आजको होइन । नेकपा (एमाले) को तर्फबाट हामीले नेपाली काङ्ग्रेसका नेताहरूसँग २०७९ को निर्वाचन अगावै एक्लाएक्लै निर्वाचन लड्ने औपचारिक प्रस्ताव गरेका थियौँ । निर्वाचनको परिणामपछि पनि सहकार्यको प्रस्ताव सार्वजनिक रुपमै सार्वजनिक गरेका थियौँ । विभिन्न कारणले त्यतिबेला त्यो संभव नभए पनि मुलुकमा सङ्कट उत्पन्न हुँदा या लोकतन्त्र अप्ठ्यारोमा पर्दा सहकार्य गर्ने हाम्रो विगत पनि हो र भविष्यमा पनि यस्तो आवश्यकता पैदा हुन सक्छ । मुख्य प्रतिष्पर्धी हुनुको अर्थ हमेशा निषेध र विरोधको मनोविज्ञानका साथ अगाडि बढ्नु पर्छ भन्ने होइन ।

दोस्रो, 'भ्रष्टाचार विरुद्ध सरकार फाइल खोल्ने' भनाइ नै त्रुटिपूर्ण हो । नेपाल विधिको शासनमा चल्ने मुलुक हो । नेपालको संविधानले शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको लोकतान्त्रिक अवधारणालाई पूर्ण रुपमा आत्मसात गरेको छ । भ्रष्टाचारको अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक अङ्ग (यसले अभियोजन पनि गर्छ) र नेपाल प्रहरी, सम्पत्ति शुद्धीकरण विभाग, केन्द्रीय अनुसन्धान ब्युरो तथा सतर्कता केन्द्र जस्ता निकाय छन् । अभियोजनका लागि सरकारी अधिवक्ताका कार्यालयहरू

छन् । न्याय निरुपणका लागि विशेष अदालत लगायतका न्यायिक निकायहरू छन् । लोकतन्त्रमा सरकार या सत्ताधारी दलहरूको काम आफूलाई पायक पर्ने गरी भ्रष्टाचारका फाइल खोल्ने या बन्द गर्ने होइन । सुशासन प्रवर्द्धन गर्ने हो । अख्तियारको दुरुपयोग या अनियमितता भएको अवस्थामा छानबिन, अनुसन्धान, अभियोजन र न्याय निरुपणमा टेवा पुऱ्याउने हो, त्यस्ता निकायलाई साधनस्रोत सम्पन्न तुल्याउने र स्वतन्त्र ढङ्गले कार्य सम्पादन गर्न सघाउने हो । त्यसैले 'ठूला भ्रष्टाचारका फाइल खोल्न लागेको' भन्ने अभिव्यक्ति नै दुराशययुक्त छ ।

तेस्रो, पूर्ववर्ती सरकारले भ्रष्टाचार विरुद्ध कुनै 'अभियान' चलाइरहेको थिएन । बरु 'आफ्नालाई चोख्याउने' अभियानमा केन्द्रित थियो । चर्चित ललितानिवास प्रकरणमा सर्वोच्चको निर्देशनात्मक आदेशपछि मात्रै सम्बद्ध प्रकरणमा जोडिएका पूर्व प्रधानमन्त्रीहरूलाई सोधपुछ गरिएको विषय होस् या सुन तस्करीमा नाम मुछिएका पूर्वसभामुखलाई संसदमा दबाबपछि बनेको न्यायिक आयोगको प्रतिवेदनपछि मात्रै वाध्यात्मक रुपमा मुद्दा चलाइएको विषय होस्, नेपाली जनताका मनमा त्यतिबेला प्रदर्शित पाखण्ड र सदाचारको आवरणमा भ्रष्टाचारको संरक्षणका घटनाहरू ताजै छन् । त्यसैले गर्न खोजिएको दाबी झुठा र अर्थहीन छ ।

जहाँसम्म नेकपा (एमाले), वर्तमान सरकार र दुबै पार्टीको साझा निष्कर्ष हो– भ्रष्टाचारको विषयलाई राजनीतिकरण गरिनु हुँदैन । यस्ता विषयलाई ताकीताकी हान्ने (Selective Judgement) जस्तो विषय बनाइनु हुँदैन । यस सम्बन्धमा राज्यका निकायहरूलाई स्वतन्त्र ढङ्गले काम गर्न दिइनु

पर्छ । राज्यका ती निकायको काममा राजनीतिक पार्टीहरू र सम्बद्ध व्यक्तिले सहयोग पुऱ्याउनु पर्छ । आफ्ना विरुद्ध उठेका जुनसुकै प्रश्नको पनि जवाफ दिने र आफू विरुद्ध लागेको अभियोगबाट सफाइ लिने दायित्व सम्बन्धित व्यक्तिकै हो । जुन औँलामा विष लागेको छ, त्यही औँला झर्ने हो । विषाक्त औँलालाई जोगाउन सिङ्गै हात र कहिलेकाँही त पूरै शरीरको बलिदान दिन सकिँदैन । हामीले यही गर्दै आएका छौँ र भोलि पनि यही गर्नेछौँ । त्यसैले फाइलवाला फण्डा फगत स्टण्टबाजी भन्दा बढी केही पनि होइन ।

त्यसैले नेकपा (एमाले)– नेपाली काङ्ग्रेस बिचको यस सहमति र संसदमा प्रतिनिधित्व गर्ने दलहरू– जनता समाजवादी पार्टी, नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति लगायत दलहरूको वर्तमान सत्ता समीकरणलाई राष्ट्रिय आवश्यकता र विद्यमान अवस्थाभित्रको सबैभन्दा भरपर्दो समीकरणका रुपमा बुझ्नु पर्छ । तदनुरुप यसलाई प्रभावकारी तथा सफल बनाउन केन्द्रित हुनुपर्छ । एक किसिमले भन्ने हो भने विद्यमान संसदीय संरचना र राजनीतिक शक्ति सन्तुलनभित्र यो मुलुकको अग्रगमनका लागि एक मात्र संभव विकल्प बनेको छ ।

यसले विगत तीन वर्षदेखि हाम्रो पार्टीका विरुद्ध निर्माण गरिएको घेराबन्दी, भ्रम प्रचार र 'अब यो पार्टी कहिल्यै सरकारको नेतृत्वमा पुग्न सक्दैन' भनेर निर्माण गरिएको नकारात्मक भाष्यलाई त खण्डित गरेको छ नै । यसले नेकपा (एमाले) लाई राष्ट्रिय राजनीतिको केन्द्रमा पुनस्थापित गर्ने काम पनि गरेको छ । तर यसको महत्व नेकपा (एमाले) सरकारको नेतृत्वमा पुग्ने अर्थमा मात्रै सीमित छैन । राजनीतिक स्थायित्व, वाह्य सम्बन्ध सञ्चालन र राष्ट्रिय हितको

सम्बर्द्धन, अर्थतन्त्रको गतिशीलता, सुशासन प्रवर्द्धन, विकास निर्माणमा तीव्रता र जनतामा आशा र भरोसा जगाउने सन्दर्भमा यस सहकार्यको विशेष महत्व छ। यसलाई यही गंभीरतापूर्वक ग्रहण गरिनु पर्छ। प्रभावकारी एवं सफल बनाउनु पर्छ।

## ३. नयाँ राजनीतिक कोर्सका ६ महिना

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा ७ दल सम्मिलित सरकार बनेको ६ महिना हुन लागेको छ। यस बिच भएका महत्वपूर्ण काम, उपलब्धि र नीतिगत सुधारका विषयलाई प्रतिनिधिमूलक रुपमा यसरी उल्लेख गर्न सकिन्छ।

**राजनीतिक स्थायित्वको सन्देशः** प्रधानमन्त्रीले शपथ ग्रहण गरेकै दिन (असार ३१ गते) मन्त्रिपरिषद्लाई पूर्णता दिएर हामीले सत्ता सहयात्रीहरू बिच रहेको बलियो विश्वास, समझदारी र जिम्मेवारीबोधलाई प्रदर्शित गरेका छौँ। दुई दल बिच भएको सात बुँदे सहमतिलाई प्रभावकारी कार्यान्वयन गर्न र दुई दल बिच दिगो विश्वासको वातावरण निर्माण गर्न प्रधानमन्त्रीका तर्फबाट उक्त सहमति औपचारिक रुपमा सदनमा प्रस्तुत गरिएको छ र त्यो अभिलिखित भएको छ। दलहरू बिच सहमति हुने, तर त्यसको आफूखुशी व्याख्या गर्दै दाउपेच र निजी स्वार्थमा दुरुपयोग गर्ने गलत परम्परालाई तोड्ने र राजनीतिलाई पारस्परिक विश्वास, पारदर्शिता र इमानको जगमा सञ्चालन गर्ने सन्दर्भमा यो साङ्केतिक तर महत्वपूर्ण पाइला हो।

**साझा नीतिगत प्रतिबद्धता र सङ्कल्पः** दुई दलका प्रतिनिधिहरू सम्मिलित कार्यदलले तयार गरेको **सरकारको साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धता**मा राष्ट्रिय हितको रक्षा तथा स्वतन्त्र, असङ्लग्न र सन्तुलित परराष्ट्र नीति, संविधानको रक्षा, कार्यान्वयन र संशोधन, सुशासन र गुणस्तरीय सेवा प्रवाह, अर्थतन्त्रमा गतिशीलता, विकास, युवा साझेदारी, सङ्क्रमणकालीन न्याय र सामाजिक सद्भाव तथा विविध गरी ८ वटा शीर्षकमा सरकार सञ्चालनका नीतिगत आधार, कार्यक्रमिक प्राथमिकता र सङ्कल्प स्पष्ट पारिएको छ। यो सङ्कल्प र नीतिगत प्रतिबद्धता मन्त्रिपरिषद्को निर्णय मार्फत् कार्यान्वयनमा गइसकेको छ। यसबाहेक, नेकपा (एमाले) का विभिन्न विभागहरूको तर्फबाट तयार गरी सरकार समक्ष प्रस्तुत गरिएका सुझावहरूलाई पनि मन्त्रिपरिषद्ले कार्यान्वयनमा लैजाने निर्णय गरेको छ।

*सरकारको साझा सङ्कल्प तथा नीतिगत प्रतिबद्धता यसै प्रतिवेदनको अनुसूची – २ मा सङ्लग्न गरिएको छ।*

**सरकार सञ्चालनमा सहजीकरणका लागि आवश्यक संरचनाः** सरकार सञ्चालनमा सहजीकरण गर्न तथा आवश्यक सुझाव दिन दुई दल बिच ५/५ जना नेताहरू रहनुभएको राजनीतिक संयन्त्र निर्माण र नियमित सञ्चालन गरिएको छ। त्यसै गरी त्यस अन्तरगत आलोपालो नेतृत्वमा रहने गरी दुबै दलका ४/४ सदस्य रहेका कार्यदलल नियमित सञ्चालनमा छ। यसले राष्ट्रिय महत्वका केही महत्वपूर्ण विषयहरूलाई सकारात्मक निष्कर्षमा पुऱ्याउन अहम् भूमिका खेलेको छ। दुबै दल बिच आधारभूत तहसम्मै सहकार्यको वातावरण निर्माण गर्न सबै प्रदेश र अधिकांश जिल्लाहरूमा पनि दुई दलीय संयन्त्र निर्माण

गरिएका छन्। हालै संयन्त्रले देहायका विषयमा काम गर्न अलग– अलग कार्यदल बनाउने निर्णय गरेको छ। केही गठन समेत भइसकेका छन्।

- संविधान कार्यान्वयनको समीक्षा र संशोधन,
- संविधान तथा सङ्घीयता कार्यान्वयनको समिक्षा,
- संसदमा विचाराधीन १९ वटा विधेयकहरू छिटो पारित गर्न र संसदमा प्रस्तुत हुने विधेयकहरू टुङ्ग्याउन समयतालिका निर्धारण,
- विद्यमान कानुनमा सुधार, औचित्य नभएका कानुन खारेज र सङ्घीयतासँग बाझिएका कानुनहरूको पहिचान र संशोधन,
- तत्काल ल्याउनु पर्ने नयाँ कानुनको पहिचान र तयारी,
- सुशासन र जवाफदेहिताका लागि गभर्नेन्स रिफर्म सेन्टर निर्माण,
- आर्थिक सुधार, वैदेशिक लगानी, राजस्व अभिवृद्धि, वाणिज्य विस्तार, लगानी ढाँचा निर्धारण, र दोहोरो कर प्रणालीमा सुधार लगायत,
- सार्वजनिक खर्च व्यवस्थापन
- मन्त्रालयगत प्राथमिकता र सुधार।

**अर्थतन्त्रमा सुधार**ः यस अवधिमा मुलुकको अर्थतन्त्रमा क्रमशः सुधार हुँदै आएको छ। राजनीतिक स्थायित्वको सन्देश र बलियो सरकारको गठनसँगै निजी क्षेत्रमा विश्वास अभिवृद्धि भएको छ। वर्तमान सरकारले अर्थतन्त्रलाई ओह्रालो लाग्नबाट रोकेर क्रमशः सकारात्मक दिशामा अगाडि बढाएको छ। पुँजीबजारमा सकारात्मक सुधार हुँदै आएको छ। गतः वर्षको यसै अवधिका तुलनामा राजस्वमा वृद्धि भएको छ, निर्यात तथा आयातमा सुधार भएको छ र पुँजीगत खर्चमा वृद्धि भएको छ। पहिलोपल्ट नेपालको सार्वभौम

क्रेडिट रेटिङ सम्पन्न भएको छ र नेपालले दक्षिण एसियामा भारत पछिको दोस्रो स्थान सुरक्षित गरेको छ। विश्वव्यापी रुपमा नेपाल लगानीका लागि अनुकूल मुलुक हो भन्ने सन्देश गएको छ। मुलुकको अर्थतन्त्रकमा सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरिएको छ। गतः वर्षदेखि सिर्जित भुक्तानी दायित्व लगभग पूरा गरिएको छ। करिब एक दर्जन, नियमावली, कार्यविधि, निर्देशिका लगायत पारित भई कार्यान्वयनमा आएका छन्। बिना अध्ययन साना आयोजनामा छरिएको बजेटलाई राष्ट्रिय गौरवका रणनीतिक आयोजनामा केन्द्रित गर्न, अनुशासित कार्यप्रणाली कार्यान्वयन गर्न मितव्ययितामा जोड दिइएको छ। गतः अर्थतन्त्र चलायमान हुने आधार तयार भएको छ। अर्थतन्त्रको वाह्य अवस्थामा तुलनात्मक रुपमा अनुकूल अवस्थामा छ। ब्याङ्कमा लगानीयोग्य पुँजीको दायरा र विप्रेषण आप्रवाह विस्तार भएको छ। ब्याजदर एकल बिन्दुमा झरेको छ। मूल्यवृद्धि र मुद्रास्फीति नियन्त्रणको सीमामा छ। विश्व ब्याङ्कले गतः वर्ष ३.९ प्रतिशतमा खुम्चिएको आर्थिक वृद्धिदर यस आर्थिक वर्षमा ५.१ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ। समग्रमा अर्थतन्त्र चलायमान हुने र आर्थिक क्रियाकलाप विस्तार हुने आधार तयार भएको छ।

**सङ्क्रमणकालीन न्यायः** लामो समयदेखि उपेक्षामा परेको र राजनीतिक दाउपेचको विषय बनेको सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित 'वेपत्ता पारिएका व्यक्तिहरूको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक' लाई संसदबाट सर्वसम्मत रुपमा पारित गरिएको छ। यसले ऐनको रुप लिइसकेको छ। पीडितलाई न्याय र पीडकलाई सजाय दिँदै शान्ति प्रक्रियाको

यो अन्तिम कामलाई टुङ्गोमा पुऱ्याउन यो महत्वपूर्ण उपलव्धि हो। आयोग गठनमा केही ढिलाइ भएको छ। यसले केही अन्यौल पनि सिर्जना गरेको छ। ऐनको भावना अनुरुप छिटै दुई आयोग गठन होऊन् र लामो समयदेखि न्याय र परिपूरणको पर्खाइमा रहेका पीडितहरूको घाउमा मल्हम लगाउँदै समाजमा दिगो मेलमिलाप, दण्डहीनताको अन्त्य र दिगो शान्तिको आधार तयार गरियोस् भन्ने चाहना नेकपा (एमाले) को रहेको छ।

**राष्ट्रिय हितको रक्षा र सन्तुलित वाह्य सम्बन्धः** विगत केही समय यता खल्बलिएको, असन्तुलित रहेको र कमजोर अवस्थामा पुऱ्याइएको वाह्य सम्बन्धलाई सरकारले सन्तुलनमा ल्याउन र राष्ट्रिय हितको रक्षा एवं स्वाभिमान अभिवृद्धिका लागि सरकारले केही महत्वपूर्ण काम आरम्भ गरेको छ। सरकारले आफ्नो नीतिगत प्राथमिकता र सङ्कल्पमा उल्लेख गरेको छ–

*'नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षा वाह्य सम्बन्ध सञ्चालनको मूलमन्त्र हुनेछ।*

*राष्ट्रहितलाई सर्वोच्च प्राथमिकतामा राखेर दुबै छिमेकी सहित सबै मित्र राष्ट्रहरूसँगको बहुआयामिक कुटनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र व्यापारिक सम्बन्धलाई अझ घनिष्ट र प्रगाढ बनाउँदै सार्वभौमिक समानताका आधारमा सन्तुलित, विश्वासिलो, असल छिमेकीपनको मर्म आधारित, सुसङ्गत र पारस्परिक हित एवं समान लाभमाथि आधारित विदेश सम्बन्ध सञ्चालन गरिने छ। छिमेकी*

*मित्र राष्ट्रहरूसँग रहेका विद्यमान समस्याहरूको समाधान कुटनीतिक माध्यमबाट गरिनेछ।*

*संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त, विश्व शान्तिका मान्यता, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा न्यायमा आधारित स्वतन्त्र, तटस्थ र असङ्लग्न परराष्ट्र नीति अवलम्बन गरिने छ।*

*नेपालको विकास आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर छिमेकी लगायत मित्र राष्ट्रहरूसँग आर्थिक कुटनीतिमार्फत् वैदेशिक सहायता अभिवृद्धि गरी बलियो आर्थिक साझेदारी विकास गरिनेछ।'*

यी नीतिहरू आम रुपमा सही छन्। यिनलाई कार्यान्वयन गर्ने क्रममा केही समय अगाडि संयुक्त राष्ट्र सङ्घको ७९ औँ महासभाको साइडलाइनमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदी बिच भएको महत्वपूर्ण भेटवार्ता र हालै सम्पन्न चीनको औपचारिक भ्रमण तथा त्यस क्रममा भएको बिआरआई सहयोग ढाँचा (Framework for BRI Cooperation) को दस्ताबेजमा हस्ताक्षर महत्वपूर्ण छन्। यी भेटवार्ता र भ्रमणले नेपालको छिमेक सम्बन्धलाई सुदृढ गर्न अर्थपूर्ण योगदान गरेका छन्।

सरकारले जलवायु सङ्कट र यसले नेपालमाथि पारेको मार, जलवायु न्याय, दिगो विकास लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि र साझेदारी, वैदेशिक लगानी वृद्धि र विकासशील देशमा स्तरोन्नति पश्चात् त्यस उपलब्धिलाई दिगो बनाउन नेपालले प्राप्त गर्नु पर्ने उचित वातावरण लगायत विषयमा पनि निरन्तर पहल गरिरहेको देखिन्छ। यस बिच प्रधानमन्त्रीज्यूले

अमेरिका र चीनका प्रतिष्ठित विश्वविद्यालयहरूमा गर्नुभएको संवोधनले प्रबुद्ध विदेशी समुदाय समक्ष नेपालको राष्ट्रिय आकाङ्क्षा, विकासको मार्गचित्र र यसका लागि चाहिने अनुकूल विश्व वातावरण सम्बन्धमा नेपालको अवधारणा स्पष्ट पार्न सहयोग पुऱ्याएका छन् ।

Framework for BRI Cooperation को सारसङ्क्षेप यसै प्रतिवेदनको अनुसूची– ३ मा सङ्लग्न गरिएको छ ।

नेकपा (एमाले) चाहन्छ– सन्तुलित, असङ्लग्न, विश्वसनीय, दिगो एवं पारस्परिक विश्वास र लाभमाथि आधारित परराष्ट्र नीतिका आधारमा मुलुकको वाह्य सम्बन्ध परिचालन होस् । कुनै पनि स्वतन्त्र राष्ट्रले अरुको आदेश, निर्देश या हितका लागि काम गर्नुपर्ने बाध्यता अब नरहोस् । हामी स्वाधीनताको साँचो प्रयोगमा जोड दिन चाहन्छौं । राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर छिमेकी लगायत सबै मित्र राष्ट्रहरूसँग विश्वसनीय सम्बन्ध र आर्थिक साझेदारी विकास गर्न चाहन्छौं । नेपाल छिमेकी लगायत मित्र राष्ट्रका जायज चासो र सरोकारप्रति संवेदनशील छ । त्यसैगरी छिमेकी र सबै मित्र राष्ट्रहरू पनि नेपालको राष्ट्रिय हित, यसको स्वतन्त्र विदेश नीति, वाह्य सम्बन्ध सञ्चालन र संवेदनशीलताप्रति संवेदनशील, सहयोगी र सकारात्मक बनून् भन्ने नेपाल चाहन्छ । ‘सबैसँग मित्रता, कसैसँग छैन शत्रुता’ सदा झैं नेपालको वाह्य सम्बन्धको मूल आधार रहनेछ ।

यस सन्दर्भमा हस्ताक्षर भएको बिआरआई सहयोग ढाँचाको विशेष महत्व छ । कनेक्टिभिटी र पूर्वाधार निर्माणमा टेवा पुऱ्याउँदै भूपरिवेष्ठितताले सिर्जना गरेका

नेपालका अप्ठ्यारालाई चिर्न र नेपालको पारवहन सुविधाको विविधीकरण, व्यापार सहजीकरण र लगानी अभिवृद्धिमा यसले टेवा पुऱ्याउने विश्वास लिइएको छ । जनताको विकास र समृद्धिको चाहनालाई पूरा गर्न, तीव्र आर्थिक विकास गर्दै विकासशील देशमा स्तरोन्नति गर्न, दिगो विकास लक्ष्य हासिल गर्न र नेपाललाई यथासक्य छिटो मध्यम आय भएको मुलुकमा माथि उठाउन हामीलाई स्रोतको अभाव छ । त्यसैले हामी नेपालको राष्ट्रिय प्राथमिकताका क्षेत्रमा, राष्ट्रिय हितको सुनिश्चितता गर्दै अन्य विकास साझेदारहरूसँग पनि यस्तै साझेदारी अभिवृद्धि गर्न चाहन्छौँ । लगानी भित्र्याउन चाहन्छौँ । गुण दोषका आधारमा होइन, आफ्ना निश्चित राजनीतिक आग्रह या भूराजनीतिक स्वार्थमा कुनै पनि सहायता परियोजनाका विषयलाई अनावश्यक राजनीतिकरण गर्नु र विवादित बनाउनु राष्ट्रिय हितमा हुँदैन भन्ने विषयमा नेकपा (एमाले) स्पष्ट छ ।

यो सम्झौता आफैमा महत्वपूर्ण छ, तर यावत् भ्रम, मिथ्याप्रचार र असहजतालाई चिर्दै यस विषयमा मुलुकका दुई मुख्य दलका बिचमा जस्तो साझा अवधारणा निर्माण हुन सक्यो, यो विषय पनि उत्तिकै महत्वपूर्ण छ । यसले वाह्य सम्बन्ध र वाह्य सहायता परिचालनमा सिङ्गो राष्ट्रको एउटै बोली बनाउन र वार्ताको टेबलमा राष्ट्रिय अडान बलियो बनाउन मद्दत पुऱ्याएको छ । संवेदनशील विषयमा सत्ता सहकार्यमा विभाजन ल्याएर पुनः अस्थिरताको खेती गर्न चाहनेहरूको योजना पनि यसले विफल तुल्याइदिएको छ ।

**सहकारी क्षेत्रको बेथितिमा हस्तक्षेप, बचतकर्तालाई न्याय र अनियमिततामा सङ्लग्नलाई सजायः** राज्यका नियमनकारी निकायहरू कमजोर भएको मौका पारेर यस बिचमा सहकारी क्षेत्रमा निकै ठूलो अनियमितता

भएको तथ्य विभिन्न घटनाक्रमले स्पष्ट पार्दै लगेका थिए। यस सम्बन्धमा सञ्चार माध्यमहरूमा अनेकौं सूचना– समाचार सार्वजनिक भएका र पीडितहरू न्यायका लागि सडकमा समेत उत्रिएको पृष्ठभूमिमा नेकपा (एमाले) पोलिटब्युरो सदस्य तथा प्रतिनिधिसभा सदस्य सूर्यबहादुर थापा क्षेत्रीको अध्यक्षतामा संसदीय छानबिन समिति गठन भएको थियो। समितिले निकै मिहिनेतका साथ यस विषयको अध्ययन गरेर सर्वसम्मतिका साथ प्रतिवेदन तयार गरेर संसद समक्ष प्रस्तुत गर्‍यो। संसदले उक्त प्रतिवेदन कार्यान्वयनका लागि सरकारलाई निर्देशन दिएको थियो। हाल सरकार त्यसको कार्यान्वयनमा लागिरहेको छ।

सहकारी बेथितिका विषयमा चार हिसाबले काम गरिनु पर्छ– अनियमिततामा सङ्लग्नहरूलाई बिना मोलाहिजा कार्बाही गर्ने, बचतकर्ताहरूको रकम फिर्ता गराउने, सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्न अधिकारसम्पन्न प्राधीकरण गठन गर्र्ने र भविष्यमा बचतकर्ताहरूको रकम संरक्षणका लागि संरक्षण कोष निर्माण गर्ने।

नागरिकहरूको बचत रकम हिनामिना गर्ने कसैलाई पनि छुट दिनु हुँदैन भन्ने कुरामा हामी स्पष्ट छौँ। जो सुकै होस्, दोषीले उन्मुक्ति पाउनु हुँदैन। कतिपय पार्टी या व्यक्तिहरूले चालु अनुसन्धान र अभियोजनलाई राजनीतिकरण गर्ने एवं आफूहरूप्रतिको पूर्वाग्रह या प्रतिशोध करार गर्ने कोशिस गरिहेका छन्। तर यस प्रक्रियामा सत्तारुढ पार्टीहरू सम्बद्ध कतिपय व्यक्तिहरू समेत अनुसन्धानमा तानिएको, थुनामा परेको या मुद्दा खेपिरहेका घटनाक्रमले त्यस्तो आरोपलाई मिथ्या प्रमाणित गरिसकेको छ। आफूले गल्ती गरिएको छैन भने कोही पनि

न्यायिक प्रक्रियाबाट तर्सिनु पर्दैन । गल्ती गरेको भए सडक अदालतले उन्मुक्ति दिन सक्दैन भन्ने कुरा सबैले बुझ्नु पर्छ ।

सरकार यसै गरी अगाडि बढिरहेको छ । यस सिलसिलामा नागरिकहरूले गास काटेर पाई–पाई गर्दै जम्मा गरेको, कतिपय कर्मचारीहरूले आफ्नो जीवनभरको कमाइ समेत सङ्कलन गरेको वचत रकम हिनामिना गर्ने र संसदीय छानबिन समितिले किटान गरेका समेत विभिन्न ५ सय भन्दा बढी व्यक्तिहरू थुनामा परेका छन् । हजारभन्दा बढी विरुद्ध मुद्दा चलाएको छ । उनीहरू विरुद्ध सहकारी ठगीका अतिरिक्त कतिपयलाई सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणमा समेत मुद्दा दायर भएको छ ।

यसका अलावा, हालसम्म सरकारले समस्याग्रस्त घोषणा गरेका २२ वटा सहकारीहरू (६९ हजार वचतकर्ता) मध्येबाट ३ वटा सहकारीका ६ हजार जति बचतकर्ताहरूको पूर्ण (करिब १ अर्ब ५५ करोड रुपैया) रकम फिर्ता गरी हिसाबकिताब राफसाफ गरिएको छ भने अन्य सहकारीका करिब ८ हजार बचतकर्ताहरूको ७० प्रतिशत र २ हजार जतिको ५० प्रतिशत बचत फिर्ता भएको छ । यस कामलाई अझ तीव्रता दिँदै साना बचतकर्ताहरूलाई प्राथमिकतामा राखेर सम्पूर्ण बचतकर्ताहरूको रकम फिर्ता गराउन सरकारले प्रभावकारी कदम चाल्नुपर्छ ।

हालै जारी सहकारी सम्बन्धी अध्यादेशले अधिकारसम्पन्न नियमनकारी निकाय – सहकारी प्राधीकरण गठन गर्ने, सहकारीहरूको वर्गीकरण गर्ने,

बचतकर्ताहरूको रकम फिर्ताका लागि सहज व्यवस्था निर्माण गर्न र संरक्षण कोष निर्माण गर्न सघाउ पुऱ्याउने विश्वास लिइएको छ ।

*सहकारी सम्बन्धी अध्यादेशका मुख्य बुँदाहरू यसै प्रतिवेदनको अनुसूची– ४ मा सङ्लग्न गरिएको छ ।*

**विकास निर्माणमा गतिः** यस अघिको तरल, अस्थिर र अनिश्चयपूर्ण राजनीतिक अवस्थाले मुलुकको विकास निर्माणको काममा गंभीर व्यवधान पुगेको छ । पूर्ववर्ती सरकारको पालामा तस्करी, भ्रष्टाचार र सरकारी रकम अपचलनलाई संरक्षण दिंदा मुलुकमा एक खालको समानान्तर अर्थतन्त्र चलायमान भएको, अपेक्षित राजस्व नउठेको, विदेशी अनुदान, सहायता र लगानी अपेक्षा गरिए अनुरुप नभित्रिएको स्थिति सिर्जना भयो । निर्माणाधीन कामहरू समयमा सम्पन्न नहुने र निर्माण सम्पन्न भएका आयोजनामा निर्माण व्यवसायीहरूले भुक्तानी नपाउने जस्ता बेथितिहरू देखा परे । अझ निश्चित राजनीतिक स्वार्थका लागि जथाभावी योजनाहरू थप्दै जाँदा मन्त्रालयहरू त्यस्ता टुक्रे योजनाहरूको बोझ र स्रोत सुनिश्चितताका नाममा प्रतिबद्धता गरिएका खर्बौंको दायित्वले थिचिएको अवस्था छ । यस्तो बेथितिलाई अन्त्य गर्दै हाम्रो विकास निर्माणको समग्र 'इकोसिस्टम' मै ठूलो रुपान्तरण गर्नु आवश्यक देखिएको छ ।

यस बिचमा बङ्गलादेशसँग बिजुली निर्यात सुरु भएसँगै उर्जाको क्षेत्रीय व्यापार सुरु भएको छ । भैरहवा विमानस्थलबाट विदेशी एयरलाइन्सहरूको उडान सुरु भएको छ । त्यसलाई दिगो बनाउन स्याटलाइट प्रविधिमा आधारित नयाँ संयन्त्र जडानको काम अगाडि बढेको छ (त्यहाँ जडान गरिएको यान्त्रिक अवतरण प्रणाली (Instrumental Landing System) भने भारतको अनुमति प्राप्त

नहुँदा कार्यान्वयनमा आउन पाएको छैन)। सिद्धबाबा सुरुङ ब्रेक थ्रुको बिन्दुमा पुगेको छ भने लामो समय अवरुद्ध प्रमुख राष्ट्रिय राजमार्ग र अन्य पूर्वाधार निर्माणहरूले गति लिन थालेका छन्। गएको असौज दोस्रो साता आएको भीषण बाढीका कारण भत्किएको सुनकोशीको पुल २० दिनभित्रै पुनर्निर्माण गरेर सरकारले बाढी पीडितहरूप्रतिको संवेदनशीलता र आफ्नो निर्माण क्षमता प्रदर्शन गरेको छ।

नयाँ सरकारका यी कामहरू सकारात्मक छन्, तर पर्याप्त भने छैनन्। दुई मुख्य दलको साझेदारी र अन्य दलहरू समेतको सहभागितामा बनेको शक्तिशाली सरकारबाट जनताले अझ तीव्र विकास, परिवर्तन र डेलिभरीको अपेक्षा गरिरहेका छन्। एक वर्ष बितिसक्दा पनि जाजरकोट र पश्चिम रुकुममा पुनर्निर्माणको काम थालनी नहुनु र असोज दोस्रो साताको बाढीबाट पीडितहरूको पुनर्स्थापनामा ढिलाइ हुनु सोचनीय विषय हो। त्यसरी नै, विगतदेखि नै आफूले उत्पादन गरेका बस्तुहरूको उचित बजार र उचित मूल्य नपाउने किसानहरूको समस्या समाधान हुन नसक्नु, विकास निर्माणमा अपेक्षित गति नआउनु र सरकारी सेवा प्रवाह, लगानी र व्यवसायिक वातावरणमा अपेक्षित सुधार नआउनु सरकारका सामु तेर्सिएका मुख्य चुनौती हुन्।

सरकारले यस दिशामा अपेक्षित परिणाम दिनैपर्छ।

## ४. अस्थिरता, अराजकता र प्रायोजित निराशाका प्रयास

दुई मुख्य राजनीतिक दलहरू बिच नयाँ राजनीतिक सहकार्य प्रारम्भ भएपछि, यो सहकार्य आगामी निर्वाचनसम्म दिगो रहने आधार बलियो बन्दै गएपछि र

आगामी निर्वाचन पनि मुख्य राजनीतिक दलहरूले एक्लै लड्ने उद्घोष गरेपछि अस्थिरतामा रमाइरहेका र आफ्नो लगानी एवं हैसियतभन्दा अत्यधिक लाभ लिइरहेका समूहहरूमा बेचैनी उत्पन्न भइरहेको छ। तीमध्ये कतिपयलाई अस्तित्व सङ्कटको प्रश्नले त्रसित बनाएको छ भने कतिलाई 'हङ पार्लियामेन्ट' भित्र खेलिने झिँगेदाउको खेल अन्त्य हुने चिन्ताले सताएको छ। यतिबेला यस्ता तत्वहरू अस्थिरताको सुनियोजित प्रयाशमा लागिरहेका छन्।

असार ३० साँझसम्म प्रधानमन्त्रीकै कुर्चीमा रहेका र कुर्चीमा रहँदासम्म 'देश समृद्ध बन्दै गरेको', 'अर्थतन्त्र लयमा फर्किएको' र 'निराशाको मात्रै कुरा गर्न नहुने' भाषण गरिरहेका 'प्रचण्ड' बाट सरकारबाट हटेको दुई साता नबित्दै संसदको रोष्ट्रमबाट नेपाल 'बङ्गलादेश' जस्तै बन्ने अभिव्यक्ति आयो। यो अत्यन्त गैरजिम्मेवार, गैर–कुटनीतिक र अशोभनीय टिप्पणी मात्रै थिएन, राजनीतिक अवसरवादको भद्दा नमूना पनि थियो। आज माओवादी– केन्द्र एक वर्ष अगाडि आफ्नै प्रदेशसभा सदस्यहरूको समेत सहभागितामा नामाकरण गरिएको 'कोशी' को विरुद्ध उग्र जातीयतावादी समूहहरूसँग मोर्चाबन्दी गरिरहेको छ। ऊ राष्ट्रिय एकता र सामाजिक सद्भावमा आँच पुऱ्याउन उद्दत देखिएको छ। पूर्व राजावादीहरूसँग बाक्लै बसाउठी गरिरहेको छ। सरकारमा रहँदा आफैले कार्बाही गरेका व्यक्तिहरू र समूहको खुल्ला समर्थनमा उत्रिएको छ। प्रधानमन्त्रीको चीन भ्रमण र हिजो आफ्नै कार्यकालमा भएको सम्झौतालाई समेत विवादित बनाउन उद्दत देखिएको छ। यी घटनाक्रमहरू माओवादी केन्द्रमा गहिरिँदै गरेको वैचारिक विचलन, राजनीतिक अस्थिरता, अवसरवाद र सरकारबाट बाहिरिनु परेका पीडाका अभिव्यक्ति हुन्।

आफ्ना सभापति सहकारी प्रकरणमा अनुसन्धानमा तानिएपछि रास्वपाका नेता कार्यकर्ताहरूबाट प्रकट व्यवहार, अभिव्यक्ति र अनुसन्धानमा पार्न खोजेको प्रभाव रत्तिभर कानुनसम्मत, उचित र लोकतान्त्रिक थिएनन्। प्रहरी अनुसन्धानलाई सघाउनुको साटो त्यसलाई 'सरकारले आफूहरू विरुद्ध खडा गरेको राजनीतिक प्रतिशोध' को मिथ्या भाष्य निर्माण गर्दै सडक प्रदर्शन गर्ने, त्यस क्रममा प्रहरीमाथि हातपात गर्ने, अनुसन्धानमा अवरोध खडा गर्ने र गलत कामलाई संरक्षण गर्ने काममा त्यस पार्टीका कार्यकर्ता सङ्लग्न देखिए। आफ्ना प्रतिनिधिसमेतको सहमति र हस्ताक्षरमा तयार गरिएको संसदीय छानबिन प्रतिवेदन कार्यान्वयनलाई लिएर प्रधानमन्त्रीमाथि व्यक्तिगत गालीगलौज र अशोभनीय टिप्पणीमा उत्रिए। यसै घटनाक्रमले 'पपुलिज्म' को जगमा उभिएका समूहहरूको 'नयाँपन' को व्यर्थता, अराजक चरित्र र नीतिहीन अन्तर्यलाई उदाङ्गो पारेको छ।

पछिल्लो समय पूर्व राजावादी समूह या व्यक्तिहरू पनि अराजकतालाई बढावा दिन सक्रिय छन्। २४० वर्षे शाहवंशीय शासनकाल, त्यस अवधिमा मुलुकले ब्यहोर्नु परेको दुर्दशा र लोकतन्त्र खोसिएको पीडादायी इतिहासमाथि पर्दा हाल्दै यतिबेला उनीहरू १६ वर्ष अगाडि मात्रै स्थापित भएको नवोदित गणतन्त्रमाथि हिलो छ्याप्न र जनतामा निराशा फैलाउन उद्दत देखिन्छन्।

भिन्नभिन्न बाटोमा हिंडिरहेका अराजकता र अस्थिरताका संवाहकहरूलाई एक ठाउँमा उभ्याउने र अराजकताको 'परीक्षण' गर्न विभिन्न शक्तिकेन्द्रहरू प्रयत्नशील छन्।

नेपालले हासिल गरेको युगान्तकारी राजनीतिक परिवर्तन, त्यसले जन्माएका सपनाहरू र हाम्रो कार्यसम्पादन, 'डेलिभरी' र कतिपय कार्यशैलीका बिचमा अन्तरविरोध देखा परेको यथार्थ हो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रले जगाएको समृद्धिको सपना, नेपालको संविधानले कोरेको सुशासनको आकाङ्क्षा र नेकपा एकीकरण हुँदा जागेको राजनीतिक स्थायित्वको अपेक्षा त्यसपछि सहज ढङ्गले अगाडि बढ्न पाएको छैन। २००७ सालदेखि नै सुरु भएको राजनीतिक अस्थिरताको चक्रव्यूहबाट मुलुक आज पनि बाहिर आउन पाएको छैन। यसका केही आन्तरिक कारण छन्, केही भूराजनीतिक कारण पनि छन्। जुनसुकै कारणले भए पनि अस्थिरताको मूल्य हाम्रो सन्दर्भमा निकै महङ्गो परिरहेको छ। आन्दोलनमा .नेतृत्व दिन सफल कतिपय राजनीतिक दल या नेताहरू सुशासन र समृद्धिका मामलामा राजनीतिक र व्यवहारिक हिसाबले चुकेको तथ्यलाई पनि इन्कार गर्न मिल्दैन।

एकातिर परम्परागत कृषि अर्थतन्त्रमाथि आश्रित ठूलो जनशक्ति त्यसमा आम्दानी र बचत देख्न नसकेर बाहिरिएको छ। शिक्षित जनशक्तिको उल्लेख्य विकास भएको छ। तर हाम्रो शिक्षामा प्राविधिक धार कमजोर भएका कारण त्यसले रोजगारी/स्वरोजगारी सिर्जना गर्न नसकी शैक्षिक बेरोजगारी बढाइरहेको छ। औद्योगीकरणको कमजोर स्तरका कारण त्यस क्षेत्रमा पनि अपेक्षित रोजगारी सिर्जना हुन सकिरहेको छैन। त्यसैले आज बेरोजगारी समस्या ठूलो चुनौतीको रुपमा खडा भएको छ। नयाँ र प्रगतिशील उत्पादक शक्तिसँग तादात्म्य हुने नयाँ उत्पादन सम्बन्ध निर्माण हुन नसकिरहेको नयाँ सामाजिक अन्तरविरोधको बिचबाट नेपाली समाज गुज्रिरहेको अवस्था छ।

खुल्ला बजार, नियमन हुन नसकेको सीमा व्यापार र छिमेकी मुलुकहरूका अनुदान प्राप्त कृषि र औद्योगिक उत्पादनसँग नेपाली उत्पादनले प्रतिष्पर्धा गर्न नसकेर विस्थापित हुँदै गरेको चुनौती पनि कायमै छ। यसका अलावा सूचना प्रविधिको सहज उपलब्धताका कारण संसारका विकसित समाज र त्यहाँको जनजीवनसँग तुलना गरेर नेपालमा केही भएन भन्ने निराशा बढाउने स्थिति पनि पैदा भएको छ।

बहुदलीय व्यवस्था स्थापना भएर नेपालले लोकतन्त्रको अभ्यास गर्न थालेको जम्मा ३५ वर्ष भएको छ। यसै अवधिमा, बहुदलीय व्यवस्था स्थापना भएको पाँच वर्ष नबित्दै यसका विरुद्ध हतियार उठाइएको, त्यस हिंसात्मक द्वन्द्वमा मुलुकको मूल्यवान १० वर्ष खर्च भएको र त्यस क्रममा भयावह मानवीय र भौतिक क्षति पुगेको निकट अतीतकै यथार्थ हो। निरङ्कुश पञ्चायतका विरुद्ध नउठेको हतियार नवोदित प्रजातन्त्रका विरुद्ध किन र कसरी उठ्यो भन्ने प्रश्न इतिहासमा अनुत्तरित नै छ, तर यसले मुलुकको विकासलाई वर्षौं पछि धकेलेको तथ्य कसैले इन्कार गर्न सक्दैन। त्यस सशस्त्र द्वन्द्वलाई व्यवस्थापन गर्न हामीलाई थप १० वर्ष लाग्यो। त्यसबाट तङ्ग्रिन नपाउँदै सामना गर्नु परेको विनाशकारी भूकम्प र नाकाबन्दीले लाखौं जनतालाई फेरि गरिबीको रेखामुनि धकेल्यो। प्रजातन्त्रकालमा हामीले भोग्नु परेका यी अवरोधलाई बिर्सेर नेपालको विकास किन सुस्त भयो भन्ने कारणलाई सही ढङ्गले बुझ्न सकिँदैन।

यी सबै अवरोधका बाबजुद आज नेपालले भौतिक पूर्वाधारमा ठूलो फड्को मारेको छ। सबै जिल्लाहरू र एकाध बाहेक सबै पालिका सडक सञ्जालमा

जोडिएका छन्। नेपाल जस्तो जटिल भौगोलिक संरचना भएको मुलुकमा यो सामान्य उपलब्धि होइन। ९५ प्रतिशतभन्दा बढी नागरिकको पहुँचमा बिजुली या सौर्य उर्जा पुगेको छ। त्यति नै जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ। ९८ प्रतिशतभन्दा बढी नानीहरू स्कुल पुगेका छन्। ३८ लाखभन्दा बढी नागरिकहरू सामाजिक सुरक्षा र १८ लाखभन्दा बढी श्रमिकहरू योगदानमाथि आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध भएर बुढेसकाल या असहाय अवस्थाको चिन्ताबाट तुलनात्मक रुपमा मुक्त भएका छन्। स्वास्थ्य बिमा, सुरक्षित नागरिक आवास र विभिन्न लोककल्याणकारी कामका माध्यमबाट नागरिकहरूलाई सेवा दिन सरकार क्रियाशील छ। सुरुङ मार्ग, फास्ट ट्र्याक, रेलमार्ग, आन्तरिक जलमार्ग जस्ता यातायातका आधुनिक माध्यममा नेपाल प्रवेश गरिरहेको छ। नयाँ राजमार्गहरू निर्माण भएका छन्। कृषि क्रान्तिको उत्तोलक र तराई–मधेसको गेम चेञ्जर बन्न सक्ने ठूला नदी डाइभर्सन योजनाहरू कार्यान्वयनको क्रममा छन्। नेपाल अल्पविकसित अवस्थाबाट अर्को वर्ष औपचारिक रुपमा विकासशील देशमा स्तरोन्नत हुँदैछ।

र हामी गर्व गर्छौं, यीमध्ये अधिकांश काम यही ३५ वर्षको लोकतन्त्र र १६ वर्षको गणतन्त्रको कार्यकालमा सम्पन्न भएका हुन्।

यसको तात्पर्य हामी यी उपलब्धिमा आत्ममुग्ध छौँ भन्ने होइन। हामीले गर्न नपाएका, नसकेका या नगरेका कामहरूको सूची पनि हामीसँग छ। हामी सचेतनतापूर्वक मुलुकलाई समृद्ध र नागरिकलाई खुशी पार्ने सङ्कल्पका साथ अहोरात्र खटिरहेका छौँ। हामी रचनात्मक आलोचनालाई हमेशा स्वागत गर्छौं, कमजोरी औँल्याइदिँदा खुशी हुन्छौँ र मुलुक निर्माणमा सबैलाई साथ

लिएर अगाडि बढ्न चाहन्छौँ। तर योजनाबद्ध ढङ्गले निराशाको खेती गर्ने, जनता र राष्ट्रको मनोबल खस्काउने र प्रायोजित ढङ्गले अराजकता बढाउन खोज्ने प्रवृत्तिको भने विरोध गर्छौं, भण्डाफोर गर्छौं। शक्तिकेन्द्र र पश्चगामी शक्तिहरूलाई खुशी पार्ने गरी गरिने अस्थिरताको कुनै पनि प्रयाशलाई अस्वीकार गर्छौं।

सामाजिक मर्यादा र अराजकताको यस सङ्घर्षमा अराजकता परास्त हुनैपर्छ। पानी धमिल्याएर माछा मार्न खोज्ने नियोजित अस्थिरता र राजनीतिक स्थायित्वको यस अन्तरविरोधमा स्थायित्वका पक्षधरहरू सफल हुनैपर्छ। राष्ट्रको मनोबल खस्काउन उद्यत् पात्रहरू र आशाको दियो बाल्दै हिडेका नागरिकहरू बिचको यस द्वन्द्वमा आशा र भरोसाको विजय हुनैपर्छ।

हाम्रा कामहरू यसै कुरामा केन्द्रित हुनुपर्छ।

## ५. बदलिंदो विश्व परिवेश, भूराजनीति र हाम्रो परराष्ट्र नीति

राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को प्रथम बैठकमा हामीले विश्व परिवेश र भूराजनीतिक परिवर्तनहरूका सम्बन्धमा देहायको निष्कर्ष निकालेका थियौँ–

> *'तेस्रो वर्षमा प्रवेश गरिसक्दा पनि रुस–युक्रेन युद्ध अन्त्यको कुनै संभावना देखापरेको छैन। यसले सिर्जना गरेको मानवीय सङ्कट र खाद्यान्न तथा इन्धनको आपूर्ति शृङ्खलामा पारेको असरले विश्वलाई नै प्रभावित गरेको छ। कोभिड महामारीपछि तङ्ग्रिन थालेको विश्व अर्थतन्त्रमा यसले नकारात्मक असर गरेको छ। नेकपा (एमाले) रुस–युक्रेन युद्ध यथाशीघ्र अन्त्य होस्, दुबै देश आफ्ना सार्वभौम सीमाभित्र*

शान्तिपूर्ण रुपमा रहन सकून् र त्यो भूभाग विश्व शक्ति राष्ट्रहरूको शक्ति प्रदर्शनको थलो र क्षेत्रीय द्वन्द्वको केन्द्रभाग नबनोस् भन्ने मान्यता राख्दछ ।

७ अक्टोबर २०२३ मा हमास लडाकूहरूले इजरायलमाथि गरेको साङ्घातिक आक्रमण र त्यसको बदला स्वरुप इजरायलले गाजा क्षेत्रमा सुरु गरेको प्रत्याक्रमणले ठूलो मानवीय सङ्कट निम्त्याएको छ । हमास आक्रमणमा परी झण्डै १२ सय इजरायली नागरिक मारिएका थिए भने सयौं बन्धक बनाइएका थिए । कैयौं बन्धक अझै रिहा भएका छैनन् । इजरायलको नृशंस आक्रमणमा परी गाजा क्षेत्रमा १४ हजारभन्दा बढी बालबालिका र १० हजार बढी महिलासहित ३२ हजारभन्दा बढी (अहिले त्यो सङ्ख्या ४३ हजार भन्दा माथि पुगेको छ) प्यालेस्टिनी नागरिकहरू मारिएका छन् । संयुक्त राष्ट्र सङ्घका सहायताकर्मीहरू समेत मारिने, अस्पतालमाथि बमबारी गर्ने एवं खाद्यान्न र पानीसमेत वितरण अवरुद्ध गर्ने कामले यतिबेला गाजा क्षेत्र भोकमरी, अभाव र मानवीय सङ्कटले आक्रान्त भएको छ ।

युद्धका बाछिटा अन्यत्र पनि फैलिन थालेका छन् । प्यालेस्टाइनी जनताको समर्थनको नाममा यमनका हुथी विद्रोहीहरूले लालसागरमाथि गरिरहेको लगातारको आक्रमणले त्यस क्षेत्रको जलमार्ग समेत प्रभावित भएको छ । यसले विश्वकै आपूर्ति शृङ्खलालाई असर पारेको छ । क्षेत्रीय युद्धको आशङ्का बढेको छ ।

*नेकपा (एमाले) जुनसुकै स्वरुप, आवरण र नाममा गरिने आतङ्कवादी क्रियाकलापको दृढ विरोध गर्दछ । प्यालेस्टाइनी जनताको स्वतन्त्र र सार्वभौम राज्यको मागप्रति हाम्रो निरन्तर समर्थन रहँदै आएको छ । स्वीकृत अन्तर्राष्ट्रिय सीमाभित्र इजरायल र प्यालेस्टाइन शान्तिपूर्वक रहन पाउनु पर्छ भन्ने संयुक्त राष्ट्र सङ्घको 'दुई राज्य समाधान' को प्रस्तावलाई हामी समर्थन गर्छौं र त्यस विकल्पको कार्यान्वयनबाट मात्रै त्यस क्षेत्रमा दिगो शान्ति कायम हुन सक्छ भन्ने विश्वास गर्दछौं । हामी त्यस क्षेत्रमा तत्काल युद्धविराम गर्ने, नेपाली युवा विपिन जोशी सहित सबै बन्धकहरू रिहा गर्ने, मानवीय सहायताको आपूर्तिलाई निर्वाध सञ्चालन गर्ने र हत्याहिंसाको अमानवीय शृङ्खला तत्काल अन्त्य गर्ने माग गर्दछौं ।*

*विगतमा आफैले स्वीकारेको एक चीन नीतिको मान्यताविपरीत ताइवानका विषयमा अमेरिकाको दोहोरो र उत्तेजनात्मक भूमिकाले त्यस क्षेत्रमा तनाव बढाइरहेको छ । एसिया प्रशान्त क्षेत्रमा तनाव बढाउने, सैन्य शक्ति केन्द्रीकृत गर्ने र धुरवीकरण गर्ने कुनै पनि कदम विश्व शान्ति र क्षेत्रीय स्थायित्वका लागि हानीकारक हुन् । त्यस्ता क्रियाकलापहरू तत्काल बन्द गरिनुपर्छ भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ ।*

*हामी म्यान्मारमा लोकतन्त्रको तत्काल पुनस्थापनाको पक्षमा छौं । जननिर्वाचित संसदलाई भङ्ग गर्ने, जननिर्वाचित प्रतिनिधिहरूलाई बन्दी बनाउने र शान्तिपूर्ण विरोध प्रदर्शनमाथि हिंसात्मक दमन गर्ने काम कुनै पनि अर्थमा स्वीकार्य हुन सक्दैन ।*

*दक्षिण एसियामा बढिरहेको दक्षिणपन्थी अतिवाद र विभिन्न मुलुकमा लोकतन्त्रमाथि भइरहेका सैन्य हस्तक्षेपप्रति हामी चिन्तित छौं। हामी कुनै पनि भू–भागमा भइरहेका युद्ध र वाह्य हस्तक्षेपको विरुद्ध छौं। लोकतन्त्र र शान्तिको पक्षमा छौं।*

*भारत र पाकिस्तानबीचको तनावका कारण दक्षिण एसियामा क्षेत्रीय सहकार्यका प्रयास अवरुद्ध भएका छन्। सार्क निष्प्रभावी र निष्क्रिय अवस्थामा पुगेको छ। बिम्स्टेक कामकाजी बन्नसकेको छैन। गरिबी निवारण, जलवायु परिवर्तन र अन्तर– राज्य अपराध रोक्न आवश्यक पर्ने क्षेत्रीय सहकार्यको अभावप्रति हामी चिन्तित छौं। छिमेकी देशहरूको सार्वभौमसत्ता, संवेदनशीलता र सरोकारलाई भारतले आवश्यक ध्यान दिन नसक्दा उसँग यस क्षेत्रका देशहरूको द्विपक्षीय र बहुपक्षीय साझेदारी अपेक्षित मात्रामा अगाडि बढ्न सकेको छैन। नेपालको भारतसँग रहेका सीमा, १९५० को सन्धी, व्यापार घाटा लगायतका विषयहरू अझै थाती रहेका छन्।'*

यी निष्कर्षहरू आज पनि उत्तिकै सान्दर्भिक छन्। यसका अतिरिक्त, दुई शताब्दी पुरानो अमेरिका–युरोप केन्द्रित विश्व व्यवस्था विस्तारै कमजोर हुँदै एसियाको उदय हुँदै जानु, G–7 अर्थतन्त्रलाई BRICS अर्थतन्त्रले पछाडि पार्नु र यसप्रतिको आकर्षण ह्वात्तै बढेर यसमा १५ भन्दा बढी मुलुक सहभागी हुनु, डलरको विकल्पमा BRICS मुद्राको विमर्श र स्थानीय मुद्रामा कारोबार सुरु हुनु, नवअन्वेषण र नवप्रवर्तनमा अमेरिका र युरोपको वर्चस्व खस्किँदै जाँदा चीन, कोरिया, भारत जस्ता मुलुकहरूले यस क्षेत्रमा अग्रता लिन सुरु गर्नु

नयाँ परिघटनालाई पनि हामीले मसिनो गरी नियाल्नु पर्छ । विज्ञान प्रविधिको नवीनतम विकास, उत्पादन, वितरण र पुनरुत्पादनमा नयाँ प्रविधिको प्रयोगले सिर्जना गरेका अवसर र चुनौती, श्रम बजारमा सङ्कुचन र श्रमिकहरूको बेदखली जस्ता नयाँ समस्या, एआई लगायत प्रविधिले ल्याएका संभावना, यिनको दुरुपयोग मार्फत् सिर्जना भइरहेको मिथ्या प्रचारको बाढी र भविष्यमा मानव जातिको सिर्जनशीलतामा नै ल्याउन सक्ने सङ्कटका बारेमा पनि निरन्तर अद्यावधिक भइरहनु पर्छ । हाम्रा नीतिहरूलाई अद्यावधिक बनाइराख्नु पर्छ ।

अमेरिकी राष्ट्रपति निर्वाचनमा डोनाल्ड ट्रम्पको विजय एवं विदेशी उत्पादनमा अतिरिक्त भन्सार लगाउने संरक्षणवादी नीतिहरूको घोषणा, पनामा नहर, क्यानाडाका कतिपय भूभाग र ग्रिनल्याण्डलाई नियन्त्रणमा लिने चेतावनी र दशौँ लाख आप्रवासीहरूलाई अमेरिकाबाट बाहिर निकाल्ने बाचाले विश्व राजनीति र अर्थतन्त्रलाई तरङ्गित गरेको छ । नयाँ राष्ट्रपतिले पदभार ग्रहण गरेसँगै अमेरिका कसरी अगाडि बढ्छ भन्ने कुराको प्रभाव विश्व राजनीतिमा गहिरो गरी पर्नेछ। संरक्षणवादले नयाँ ढङ्गको व्यापार युद्ध र आपूर्ति शृङ्खलामा अवरोध सिर्जना हुन सक्ने छ । अमेरिका–चीन तनावको प्रभाव नेपालमा कस्तो पर्नेछ भन्ने कुरालाई पनि हामीले सूक्ष्म ढङ्गले अध्ययन–विश्लेषण गर्नुपर्छ ।

झण्डै चार वर्षपछि चीन र भारत बिच सीमाको तनावलाई अन्त्य गर्ने विषयमा संवाद भएको छ र उनीहरूले ६ बुँदे सहमति सार्वजनिक गरेका छन्। दुई छिमेकीहरू बिच सम्बन्ध सामान्यीकरण हुनु नेपालको पनि हितमा छ ।

यस बिचमा बङ्गलादेशको राजनीतिमा ठूलो उथलपुथल भएको छ। तर बङ्गलादेशको राजनीतिक भविष्य कस्तो हुन्छ भन्ने स्पष्ट सङ्केत देखा परेको छैन। यस बिचमा हिन्दु लगायत अल्पसङ्ख्यक समुदायमाथि ज्यादतिका घटना भएका छन्, कतिपय अतिवादी समूहहरू सक्रिय देखिएका छन् र बङ्गलादेशका घटनाक्रममा कतिपय भूराजनीतिक चासो पनि अस्वाभाविक रुपमा प्रकट भएका छन्। हामी बङ्गलादेशको समस्या त्यहाँका सार्वभौम जनताले स्वतन्त्र ढङ्गले निर्णय गर्नुपर्छ भन्ने मान्यता राख्छौँ। त्यहाँको जनतामा त्यो सामथ्र्य छ भन्ने विश्वास गर्छौँ। छिटै यो देश निर्वाचन मार्फत् लोकतन्त्रको बाटोमा फर्कने छ भन्ने आशा र शुभकामना व्यक्त गर्दछौँ।

श्रीलङ्कामा राष्ट्रपति निर्वाचनमा वामपन्थी नेता कुमारा देशानायक निर्वाचित हुनुभएको छ र संसदीय निर्वाचनमा पनि वामपन्थी गठबन्धनले दुई तिहाई बहुमत हासिल गरेको छ। प्रतिकूल अवस्थामा जनता विमुक्ति पेरामुनाका कमरेडहरूले हासिल गरेको यो सफलताको विशेष महत्व छ। हामी यसका लागि जेभिपी र सम्पूर्ण श्रीलङ्काली जनतालाई वधाइ र शुभकामना व्यक्त गर्न चाहन्छौँ।

सिरियामा दशकौं आधिपत्य जमाएर बसेका राष्ट्रपति असद त्यहाँ चर्केको गृहयुद्धका कारण भागेर रुसको शरणमा जान वाध्य भएका छन्। तर युद्धोत्तर सिरिया कस्तो हुन्छ, स्पष्ट छैन। सुडान गृहयुद्धबाट आक्रान्त छ। विश्व शान्ति, न्याय र स्थायित्वको जनचाहना विपरीतका अनेकौं प्रवृत्ति जारी नै छन्।

बदलिँदो भूराजनीति, भूअर्थनीति र शक्ति राष्ट्रहरूका प्रतिस्पर्धाका बीचमा नेपालको राष्ट्रिय स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितको रक्षा गर्ने अभिभारा थप जटिल बन्दै गएको छ। सँगै, केही नयाँ अवसरहरू पनि सिर्जना भएका छन्। हामीले भूराजनीतिमा आएका यी बदलावहरूलाई संवेदनशील दृष्टिले हेर्दै राष्ट्रिय हितको रक्षाका लागि सजग भएर अगाडि बढ्नु पर्दछ।

## ६. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक

पार्टी विधानको धारा २३ ले 'महाधिवेशनका प्रतिनिधिहरू अर्को महाधिवेशनका लागि प्रतिनिधिहरू निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य रहने' र विधान महाधिवेशनको हैसियतमा बाहेक परिषद्को बैठक 'दुई महाधिवेशनका बीचमा आवश्यकता अनुसार आयोजना गरिने' व्यवस्था गरेको छ। पार्टीको सर्वोच्च निकाय– महाधिवेशन प्रतिनिधिका रुपमा नीति र नेतृत्व निर्माणमा निर्णायक योगदान गर्नु हुने कमरेडहरूलाई अर्को महाधिवेशनसम्म क्रियाशील बनाइराख्न र पार्टी कामको आवधिक समीक्षा र दिशा निर्देशनको भूमिकामा स्थापित गर्न सकियोस् भनेर यस्तो व्यवस्था गरिएको हो। नेकपा (एमाले) को जीवनमा यो नयाँ व्यवस्था हो। विधानले राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का तीनवटा कार्यादेश निर्धारण गरेको छ– केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने, केन्द्रीय कमिटी र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने तथा यस विधानमा उल्लेख भए बमोजिम विधान महाधिवेशनको हैसियतमा काम गर्ने।

विधानको यसै व्यवस्था अनुरुप **निर्णायक राष्ट्रिय शक्तिका रुपमा पार्टीको विकास हाम्रो सङ्कल्प: सुशासन, समृद्धि, स्वाभिमान र समाजवाद हाम्रो गन्तव्य** भन्ने मूल नाराका साथ गतः २०८१ वैशाख ८–९ मा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गरिएको थियो। बैठकमा अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन र महासचिव शङ्कर पोखरेलले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। यसका साथै केन्द्रीय सल्लाहकार परिषद् अध्यक्ष अमृतकुमार बोहरा, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव बडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष डा. पुष्प कँडेल र केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले आफू सम्बद्ध केन्द्रीय निकायका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

प्रतिवेदनको प्रस्तुति पश्चात् सबै परिषद् सदस्यहरूलाई ६ समूहमा विभाजन गरेर पार्टी सङ्गठन तथा सुदृढीकरणका सम्बन्धमा विभिन्न प्रश्नमा केन्द्रित गरेर कार्यशाला आयोजना गरिएको थियो। पार्टी निर्माणका समस्या र चुनौतीहरू पहिल्याउन तथा आगामी दिनमा तिनको समाधान गर्न कार्यशालामा भएको सक्रिय सहभागिता र जीवन्त छलफल निकै उपयोगी रहेको थियो। बैठकमा ‘लोकतान्त्रिक भित्तो’ स्थापना गरेर आफूलाई लागेका महत्वपूर्ण सुझावहरू उल्लेख गर्न प्रोत्साहन गरिएको थियो। कार्यशालाका निष्कर्षहरूलाई समेत समेटेर उपमहासचिव प्रदीप ज्ञवालीले सङ्गठन सुदृढीकरण तथा शुद्धीकरण सम्बन्धी विशेष प्रस्ताव प्रस्तुत गर्नुभएको थियो, जसलाई परिषद्ले सर्वसम्मत रुपमा पारित गरेको छ। यो विशेष प्रस्तावको कार्यान्वयन पार्टी निर्माण र

विकासका लागि निर्णायक महत्वको छ भन्ने कुरालाई विशेष ध्यान दिन कमरेडहरूलाई आग्रह गर्छु।

## ७. नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं वर्ष (हीरक वर्ष) समारोह

१० वैशाख २०८१ (२२ अप्रिल २०२४) का दिन पार्टीले सनराइज हल, गोदावरीमै भव्य रुपमा नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७५ औं वर्ष (हीरक वर्ष) समारोह आयोजना गरेको थियो। तत्कालीन प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दहाल 'प्रचण्ड', नेपाली काङ्ग्रेसका सभापति एवं प्रमुख विपक्षी दलका नेता शेरबहादुर देउवा सहित मुख्य राजनीतिक दलका शीर्ष नेताहरू, पूर्व प्रधानमन्त्रीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू र ठूलो सङ्ख्यामा पार्टी नेता, कार्यकर्ता र शुभेच्छुकहरू सहभागी कार्यक्रम निकै भव्य, चुस्त र आकर्षक रह्यो। कार्यक्रममा पार्टीले तय गरेको गौरवपूर्ण ७५ वर्षका बारेमा वृत्तचित्र प्रस्तुत गरिनुका साथै मुख्य राजनीतिक घटनाक्रमहरूको चित्रकला प्रदर्शनी समेत गरिएको छ। कार्यक्रममा पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीज्यूलाई 'गणतन्त्र गौरव' द्वारा सम्मानित गरिएको थियो। हीरक वर्ष समारोहले पार्टी पङ्क्तिमा बेग्लै उर्जा र उत्साहको सञ्चार गर्नुका साथै नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रवाह र प्रमुख राष्ट्रिय शक्तिका रुपमा नेकपा (एमाले) प्रति राष्ट्रिय स्वीकार्यता प्राप्त भएको थियो।

हीरक महोत्सवको लागि तय गरिएका केही योजनाहरू भने अझै बाँकी छन्। नेपाली कम्युनिष्ट आन्दोलनको आधिकारिक इतिहास लेखन, नेपाली

समाजलाई विशेष प्रभाव राखेका विभिन्न सङ्घर्षको व्यवस्थित अभिलेख निर्माण, ‘शेल्टर’ पुस्तक प्रकाशन, हीरक महोत्सव स्मारक निर्माण तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना लगायत।

जिम्मा पाउनु भएका कमरेडहरूले यी विषयलाई अविलम्ब टुङ्गोमा पुऱ्याउन जरुरी छ।

## ८. उपनिर्वाचन

गएको २०८१ वैशाख १५ मा इलाम प्रतिनिधिसभा निर्वाचन क्षेत्र– २ र बझाङ प्रदेशसभा–१ मा उपनिर्वाचन सम्पन्न भएको थियो। उक्त उपनिर्वाचनमा नेकपा (एमाले) ले इलाममा निकै फराकिलो मतान्तरसहित *(२०७९ मा १०८ मतको तुलनामा ७,५०० मतले)* विजय कायम राख्न सफल भयो भने बझाङमा हामीले शानदार विजय हासिल गर्न सफल भयो। राष्ट्रिय राजनीतिमा व्याप्त प्रतिकूलताका बिच नेकपा (एमाले) लाई प्राप्त यस सफलताले पार्टी पङ्क्तिको मनोबल माथि उठाउन निकै मद्दत पुऱ्यायो भने विभिन्न जातिवादी समूह, कथित नयाँ शक्ति र पश्चगामीहरूको हैसियत पनि स्पष्ट पाऱ्यो।

यसै गरी गएको मङ्सिर १६ गते स्थानीय तहमा रिक्त ४२ स्थान (थप दुई जिल्ला समन्वय समिति समेत) मा उपनिर्वाचन सम्पन्न भयो।

निर्वाचनमा नेकपा (एमाले) ले एक गाउँपालिका अध्यक्ष, दुई उपाध्यक्ष र ५ वडा अध्यक्ष सहित ८ स्थान मा जीत हासिल गऱ्यो। हामीले जितेका ७ वटा वडा रिक्त भएको अवस्थामा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष समेत समग्रमा ८ स्थानमा हासिल गरेको विजय थप हाम्रा लागि उपलब्धिपूर्ण र सकारात्मक

परिणाम हो । यद्यपि, हामीले गरेको अपेक्षाभन्दा यो कम हो । विगतमा जितेका वडामध्ये एउटामा मात्र विजय कायम हुनु (यद्यपि यो प्रवृत्ति अन्य दलको हकमा पनि उत्तिकै देखिएको छ), कीर्तिपुर जस्तो ठाउँमा अपेक्षित परिणाम हासिल नहुनु र सहरिया जनमतमा अपेक्षित आकर्षण बढ्न नसक्नुलाई हामीले गंभीरतापूर्वक लिनु पर्छ ।

यस उपनिर्वाचन परिणामलाई लिएर नेकपा (माओवादी केन्द्र) ले एउटा भ्रामक सन्देश सम्प्रेषण गर्ने प्रयाश गरिरहेको छ– आफ्नो दल पहिलो भएको र लोकप्रिय मत ह्वात्तै बढेको आदि । माओवादी केन्द्रले ८ बाट बढाएर ११ स्थानमा विजय हासिल गरेको सत्य हो, तर हिजो ६ दलीय गठबन्धनका बेला आफूले उम्मेदवार नै नउठाएको र त्यसै कारण शून्य मत भएको ठाउँमा अहिले प्राप्त भएको मत जोड्दा मात्र उसको मत बढेको देखिएको हो ।

७७ जिल्ला समन्वय समिति र ७५३ पालिकाका कुल ८,४०३ जनप्रतिनिधिमध्ये ४४ पदमा भएको र कुल २,२६,७९९ मतदाता (१.२६ प्रतिशत) ले मतदान गरेको यस निर्वाचनले राजनीतिक शक्ति सन्तुलन र भविष्यको निर्वाचनको ठूलो पूर्वानुमान गर्दैन। तर पनि २०७९ को तुलनामा सम्बन्धित ठाउँमा मतदाताहरूको बदलिँदो रुझान, जनप्रतिनिधिप्रतिको असन्तुष्टि र नयाँ भनिने दल र राजावादी शक्तिहरूको खस्किँदो अवस्थालाई बुझ्न भने यसले केही आधार दिन्छ ।

आफूले विजय हासिल गरेका ठाउँमा पार्टी र जनप्रतिनिधिहरूले थप मिहिनेत गर्नु पर्ने र सहरिया मतदातामाझ नेकपा (एमाले) ले अझै मेहनत गर्नु पर्ने शिक्षा यस निर्वाचनबाट प्राप्त भएको छ ।

## ९. निर्णायक राष्ट्रिय शक्तिको निर्माण

राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकले निर्णायक राष्ट्रिय शक्ति निर्माणको सङ्कल्प गर्दै यसका लागि बलियो पार्टी निर्माण गर्ने मार्गचित्र निर्माण गरेको छ। निर्णायक शक्तिको निर्माणले मात्रै मुलुकमा राजनीतिक स्थायित्वको ग्यारेन्टी गर्न सक्छ। राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्न सक्छ ।समृद्धि र सुशासनको यात्रालाई निर्वाध अगाडि बढाउन सक्छ। उक्त बैठकले राष्ट्रिय शक्तिको परिभाषा गरेको छ। नेपालको राजनीतिमा राष्ट्रिय शक्ति र अन्य शक्ति बिचको सङ्घर्षको सिँहावलोकन समेत गरेको छ। हाम्रो पार्टी बाहिर पनि राष्ट्रिय शक्तिका पक्षधरहरू रहेका तर तिनीहरू बलिया, प्रभावकारी या अगुवाइ गर्न सक्ने भूमिकामा नभएका कारण बलियो नेकपा (एमाले) को नेतृत्वमा मात्रै तिनीहरूलाई राष्ट्र निर्माणका काममा गोलबन्द गर्न सकिने निष्कर्ष निकालेको छ। निर्णायक राष्ट्रिय शक्ति निर्माणको अनिवार्य पूर्वशर्त बलियो नेकपा (एमाले) को निर्माण भएको संश्लेषण सहित त्यस अभियानमा केन्द्रित हुन सिङ्गो पार्टी पङ्क्तिलाई आह्वान गरेको छ ।

यसका लागि उक्त बैठकबाट जनआधारित कार्यकर्ता पार्टी निर्माण सम्बन्धी हाम्रो मान्यताको थप व्याख्या र विकास समेत गरिएका छन् । यी मान्यताहरूबाट सिङ्गो पार्टी पङ्क्तिलाई थप प्रशिक्षित र दीक्षित गर्नु आवश्यक छ ।

पार्टीले घोषणा गरेको सङ्गठन सुदृढीकरण तथा शुद्धीकरणको अभियानको कार्यान्वयनका लागि उक्त बैठकबाट देहायका ७ वटा शीर्षकमा महत्वपूर्ण मार्गचित्र अगाडि सारिएका छन् ।

- पार्टी सदस्यता विस्तार, नवीकरण तथा अभिलेख व्यवस्थापन
- प्रतिनिधि छनौट, अधिवेशन र नेतृत्व चयन
- कमिटीको चेन–अफ–कमाण्ड कायम गर्ने र कार्यकर्ताको मूल्याङ्कन
- कमिटी सञ्चालन र गुटबन्दी अन्त्य
- कार्यशैली, जीवनशैली र कार्यकर्ताको आचरण
- आर्थिक–सामाजिक रुपान्तरण र जनचासोका विषय सम्बोधन
- निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि निर्वाचनको व्यवस्थित तयारी

निर्णायक राष्ट्रिय शक्तिको निर्माणका लागि देहायका विषयमा विशेष ध्यान दिन म कमरेडहरूको ध्यानाकर्षण गर्दछु ।

**क. राष्ट्रिय महाधिवेशनबाट पारित निर्णायक राष्ट्रिय शक्ति निर्माणको योजनालाई एकरुपताका साथ बुझ्ने, बुझाउने र अवलम्बन गर्ने:**

माथि उल्लेखित ७ विषयहरू नै पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने आधारभूत शर्तहरू हुन् । प्रत्येक विषयमा समस्याको प्रवृत्तिगत सूचीकरण गरिएको र समाधानको ठोस विकल्प अगाडि सारिएको यसविषयलाई यहाँ फेरि किन उल्लेख गरिएको हो भने पार्टी पङ्क्तिमा यसलाई यही गंभीरतापूर्वक बुझ्ने र कार्यान्वयन गर्ने विषयमा तदनुरुपको तत्परता र सङ्कल्प अपेक्षित मात्रामा देखिएको छैन। यसलाई आगामी दिनमा

सच्च्याउनु पर्छ र एकरुप बुझाइ र एकमना स्पिरिटका साथ कार्यान्वयन गर्नुपर्छ ।

**ख. वार्षिक कार्ययोजनाको कार्यान्वयन गर्ने:** पार्टीले यस बिचमा यिनै अवधारणामाथि आधारित भएर वार्षिक कार्ययोजना बनाएको छ । तदनुरुप कार्यविभाजन पनि गरेको छ । यस अनुसार सदस्यता नवीकरण र विस्तार भइरहेको छ । पाँच जिल्ला बाहेक सबै जिल्लाहरूमा अधिवेशन सम्पन्न भएका छन् । अधिकांश पालिकाहरू र धेरै वडाहरूमा पनि अधिवेशन सम्पन्न भएका छन् र केही जिल्लाहरूले टोलसम्म पनि सङ्गठन विस्तार गरिरहेका छन् । विभिन्न जनसङ्गठनहरू नयाँ ढङ्गले क्रियाशील भइरहेका छन् । विभागहरूका काम पनि नियमित, संस्थागत र प्रभावकारी बनिरहेका छन् । यस सम्बन्धमा थप जानकारी महासचिवले गराउनु हुने नै छ । वार्षिक कार्ययोजनाका बाँकी काम निर्धारित तालिकाका आधारमा सम्पन्न गर्नुपर्छ ।

**ग. पार्टी स्कुलिङलाई स्थायी र थप प्रभावकारी बनाउने:** यस बिचमा पार्टी स्कुलिङको काम संस्थागत र नियमित बनिरहेको छ । निर्धारित पाठ्यक्रम, ढाँचा र मूल्याङ्कन पद्धतिका आधारमा प्रशिक्षणले पार्टी पङ्क्तिको वैचारिक स्तरलाई माथि उठाउन सहयोग पुऱ्याएको छ । छिटै स्थायी संरचना सहित स्थायी स्कुल सञ्चालन गर्ने योजना विभागले बनाएको छ । प्रदेश तथा जिल्ला कमिटीहरूले पनि पार्टी स्कुलिङको कामलाई पार्टी कामको नियमित अङ्ग बनाउन र स्थायी स्कुल सञ्चालनको काम सुरु गर्नुपर्छ ।

**घ. सङ्गठन विभागद्वारा आयोजित कार्यशालाका सुझावहरूको कार्यान्वयनः** हालै सङ्गठन विभागले राष्ट्रिय कार्यशाला आयोजना गरेको छ। देशभरिका पार्टीका प्रदेश तथा जिल्ला अध्यक्ष र केन्द्रीय इञ्चार्ज जस्ता सङ्गठनात्मक धरातलसँग प्रत्यक्ष जोडिनु भएका कमरेडहरू सहभागी यस कार्यशालाका छलफल र यसले निकालेको निष्कर्षहरू महत्वपूर्ण छन् । यस बैठकमा ती निष्कर्षहरूको कार्यान्वयनमा केन्द्रित रहेर गंभीर छलफल होस् भन्ने आग्रह गर्दछु ।

*कार्यशालाको सिफारिस यसै प्रतिवेदनको अनुसूची– ५ मा सङ्लग्न गरिएको छ ।*

**ङ. मिथ्या र भ्रामक प्रचारको खण्डन र सकारात्मक प्रचारको अभियान सञ्चालनः** मिथ्या र भ्रामक प्रचार आज सिङ्गो समाजका लागि पनि चुनौती बनिरहेको छ । यसले सामाजिक सद्भाव खलबल्याउने, नागरिकहरूमा निराशा र विभाजन पैदा गर्ने एवं ठूलो मानसिक समस्या (स्ट्रेस) सिर्जना गर्ने काम गरिरहेको छ। सूचना प्रविधिलाई मानवीय सम्बन्ध, उत्पादनको विकास र आफ्नो सिर्जनशीलतामा सदुपयोग गर्नुको साटो यसको दुरुपयोग गर्दै डिप फेक, एआई जेनेरेटेड भ्रामक सामग्रीको निर्माण र मिथ्या प्रचार मार्फत् राज्यका निकाय, राजनीतिक दल र तिनको नेतृत्व, सुरक्षा संवेदनशीलता र अर्थतन्त्रमाथि नै प्रहार गर्ने क्रम बढेर गएको छ । यस्तो मिथ्याप्रचारको सीमा पार प्रयोग झनै ठूलो चुनौती बनेको छ ।

हाम्रो पार्टीका लागि त यो चुनौती झनै ठूलो बनेको छ। निराधार र कपोलकल्पित आरोप लगाउने, नेताहरूको चरित्र हत्या गर्ने र जनतामा भ्रम एवं निराशा फैलाउने यो अभियान केबल केही नेताहरू विरुद्ध

मात्रै लक्ष्यित छैन। केही व्यक्तिहरूको लहडमा मात्रै सञ्चालित छैन। राष्ट्रिय राजनीतिमा नेकपा (एमाले)को जुन स्थान, हैसियत र भूमिका छ, यसलाई कमजोर पार्ने सुनियोजित उद्देश्यमा केन्द्रित छ। भयदोहन मार्फत् राज्य कब्जा गर्ने कतिपयको योजनालाई नेकपा (एमाले) ले जसरी असफल बनायो, पहिचानको नाममा उग्रजातीय राजनीति गर्दै समाजलाई विभाजित गर्ने प्रयाशलाई यसले जसरी निष्फल तुल्याइदियो, संविधान निर्माणमा जुन निर्णायक अग्रसरता र नेतृत्व लिएर संवैधानिक शून्यता सिर्जना गर्ने प्रयत्न विफल तुल्यायो, जसरी राष्ट्रिय हित र स्वाभिभानको अभियानको नेतृत्व गऱ्यो र गरिरहेको छ, पार्टी विभाजन, अदालतको आदेश र अध्यादेश समेतको सहारामा राष्ट्रिय राजनीतिबाट किनारा लगाउने यावत् षडयन्त्रलाई नेस्तनाबुद पाऱ्यो र आज जसरी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाको कार्यान्वयनका लागि आशा र भरोसा जागृत गर्न लागिरहेको छ– यी विषय, यी 'लिगेसी' र यो भूमिका कतिपयका लागि बिझाइरहेका छन्। त्यसैले पार्टीका विरुद्ध योजनाबद्ध रुपमा दुष्प्रचारको अभियान चलाइएको छ।

हामीले बारम्बार सदनको रोष्ट्रमबाट, आमसभाका मञ्चबाट, पार्टीका औपचारिक बैठकबाट र सञ्चारमाध्यमबाट सार्वजनिक रुपमा भन्दै आएका छौँ– हामीलाई जबर्जस्ती जोडिएर प्रचार गरिएका सबै विषयहरूको निष्पक्ष र न्यायिक छानबिन गरियोस्। हामी त्यसलाई सघाउन तयार छौँ। आफ्नो निष्ठा, इमान र सच्चाइमा पूर्ण भरोसा भएर त्यही नैतिकताको जगमा हामीले यो चुनौती दिएका हौँ। हाम्रो विपक्षमा रहेकाहरू सत्तामा

रहेको बेला हामीलाई कुनै दयामाया गरेर यी विषयको छानबिन नगरेका या हामीलाई छाडेका होइनन् । तर पनि हाम्रा विरुद्ध भ्रम प्रचार जारी छ ।

विज्ञानको नियमै हो– ताजा हावाका लागि झ्याल खोलिएन भने दुर्गन्धले ठाउँ लिन्छ । सामाजिक सञ्जाल र सार्वजनिक सञ्चारमाध्यमहरूमा सकारात्मक विषयहरू सम्प्रेषित भएनन् भने ती ठाउँहरू मिथ्यासूचना, भ्रान्ति, नकारात्मकता र कुण्ठाले भरिन्छन् । त्यसैले सबै कमरेडहरूले राष्ट्र र समाजमा भइरहेका सकारात्मक प्रगतिहरू, नागरिकहरूले गरेका सफलताका कथाहरू र हाम्रो पार्टीले गरेका सकारात्मक कुराहरू सम्प्रेषित गरेर मिथ्या प्रचारको बाढीलाई रोक्न जरुरी छ । यसका लागि हामीलाई मिथ्या सूचनाको सहारा लिनु छैन । अरुका नकारात्मक कुरा प्रचार गरेर त्यसमा प्रतिष्पर्धा गर्नु छैन । तर हामीले सत्य चाहिँ स्थापित गर्नैपर्छ ।

च. **विकास निर्माण, सुशासन र उद्यमशीलतामा पार्टी पङ्क्तिलाई जोड्ने विषयः** हिजो हामीले क्रान्तिको राजनीतिक कार्यभार पुरा गर्ने आन्दोलनको नेतृत्व गऱ्यौं । अब हामीले आर्थिक–सामाजिक रुपान्तरणको जिम्मेवारी पुरा गर्नुछ । हिजो व्यवस्था परिवर्तनका निम्ति अनुकूल, व्यवस्थाविरोधी आन्दोलनमा नेतृत्वदायी र निर्णायक भूमिका निर्वाह गर्नसक्ने पार्टी चाहिन्थ्यो । आज जनता र राष्ट्रको हित र कल्याणको पक्षमा खरो ढङ्गले उत्रिने पार्टी चाहिएको छ । जनसरोकारका काममा केन्द्रित हुने पार्टी चाहिएको छ । सबै प्रकारका विभेद र असमानताको अन्त्य र सामाजिक न्याय एवम् समानताको पक्षमा निर्णायक योगदान गर्ने पार्टी चाहिएको छ । हिजो सत्ताबाहिर हुँदा पार्टीमा जनमुखी शैली,

स्वच्छता र पार्टीभित्रको सुशासन कायम गर्न सहज थियो। आज हामी कुनै न कुनै रूपमा सत्ताको नेतृत्व गरेर वा सत्तामा जोडिएर अगाडि बढिरहेको हुनाले पार्टीलाई निरन्तर स्वच्छ, जनमुखी र रुपान्तरणकारी बनाइराख्नु पर्नेछ। पार्टीलाई भौतिक र मानवीय विकासको नायकको भूमिकामा स्थापित गर्नुछ। जनसङ्गठन तथा पेशागत सङ्गठनहरूलाई आ–आफ्नो वर्ग वा समुदायका समस्या बुझ्ने र समाधान दिने वास्तविक नेताको भूमिकामा स्थापित गर्नुछ। जनताले आफ्ना वर्गीय वा सामुदायिक समस्या समाधानका लागि हाम्रो पार्टीलाई र पार्टी तथा जनसङ्गठनका नेता, कार्यकर्ता तथा सदस्यलाई खोज्ने अवस्था सिर्जना गर्नुछ। जनप्रतिनिधिलाई विकास निर्माण र जनकार्यमा केन्द्रित गर्ने र प्रतिनिधिसभा र प्रदेशसभाका सदस्यलाई कानुन र नीति निर्माणमा भूमिका खेल्नसक्ने गरी दक्ष बनाउनुपर्छ। पार्टी र तीनै तहका जनप्रतिनिधिबीचको कामलाई नियमितरुपमा संयोजन गर्ने कामलाई प्राथमिकतामा राख्नुपर्छ। जनसरोकारका मुद्दाहरूमा र प्राकृतिक विपत्ति, महामारी, सामाजिक उत्पीडन या अन्य समस्याले जनतालाई आक्रान्त तुल्याएका बेला हाम्रो पार्टी पङ्क्ति त्यस्ता विषयहरूको संवोधन गर्न आवश्यक पैरवी, जनदबाब र सङ्घर्षका लागि हमेशा तैनाथी अवस्थामा रहनुपर्छ। पार्टीमा, विशेष गरेर युवा पुस्तामा उद्यमशीलता, उत्पादनमा जोडिने र स्वरोजगारी, रोजगारी सिर्जना गर्ने कुरामा केन्द्रित हुनुपर्छ।

छ. **वर्तमान सरकार र सत्ता सहकार्यलाई सफल बनाउने:** माथि नै चर्चा गरिसकेका छौँ, नेकपा (एमाले) र नेपाली काङ्ग्रेस बिचको यो सहकार्य

मुलुकको आवश्यकता हो, राजनीतिक स्थायित्वको आधार हो र संभवतः अन्तिम सकारात्मक विकल्प पनि हो। त्यसैले यसलाई सफल तुल्याउनै पर्छ। यसका लागि सरकारले आफ्नो ध्यान डेलिभरीमा दिनु पर्छ भने पार्टी पङ्क्तिले नीतिगत फिडब्याक, सकारात्मकलाई रचनात्मक सुझाव र राम्रो कामको सकारात्मक प्रचार मार्फत् स्थापित गर्नुपर्छ।

ज. **पार्टीलाई विस्तार गर्ने:** निर्णायक राष्ट्रिय शक्तिको मेरुदण्डको रुपमा नेकपा (एमाले) लाई स्थापित गर्न पार्टीलाई हामीले अझै सुदृढ र विस्तारित बनाउनु पर्नेछ। तर यस्तो विस्तार र सुदृढीकरण हरबखत आफ्नै व्यवस्थापन, आफ्नै ओहोदा र आफ्नै स्वार्थका विषयमा मात्रै चिन्ता र चासोमा लिप्त हुने नेताहरूको बलमा संभव हुँदैन। बारम्बार परीक्षित भइसकेका नेताहरूको जोडजाडले मात्रै पार्टी बलियो हुँदैन। तसर्थ विगतका अनुभवले सिकाएको यसै यथार्थमा उभिएर जनाधार भएका, भविष्य भएका, संभावनायुक्त नेता, कार्यकर्ता र युवा पङ्क्तिलाई पार्टीमा आबद्ध गर्ने कुरामा जोड दिँदै पार्टीको जनाधार फराकिलो बनाउनु पर्छ।

– १८ पुस २०८१